मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ४ ● अंक ७५ ● २०८२ साल माघ १५ गते बिहीबार ● Thursday 29, January 2026 ● सूर्योदयः बिहान ०६:५२ बजे ● सूर्यास्तः साँझ ५:४४ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## रुख कटानमा पालिका अध्यक्षको पनि संलग्नता ?

**मधेशदृष्टि**
**जनकपुरधाम।**
चोहर्वा–सिरहा सडकखण्डअन्तर्गत विष्णुपुर गाउँपालिका–१ स्थित विष्णुपुर बजार क्षेत्रमा सडकको दुवैतर्फ लगाइएका रुख बिना अनुमति काटिएको घटनाप्रति स्थानीय आक्रोशित बनेका छन्।
बजार क्षेत्रमा रहेका आँप र जामुनका रुख राजनीतिक पहुँचको आडमा काटिएको स्थानीयको आरोप छ। स्थानीय अरुण यादवले विष्णुपुर गाउँपालिकाका अध्यक्ष सत्यनारायण यादवको अगुवाइमा बजार क्षेत्रका रुख कटान गरिएको आरोप लगाए। उनले गाउँपालिका अध्यक्षसहित राजकुमार यादव, नागे यादव र विन्देश्वर यादव (फतुरिया)लगायत रुख कटानमा संलग्न रहेको बताए।
डिभिजन वन कार्यालय लहानका प्रमुख शैलेन्द्र मिश्राले घटनाबारे अनुसन्धान भइरहेको जानकारी दिए । उनले अनुसन्धानका क्रममा दोषी देखिए वन ऐनअनुसार कारबाही गरिने बताए।

# परवानीपुरमा विभत्स हत्याकाण्डः
# आमा–छोराको निर्मम हत्या, बाबु र छोरी गम्भीर घाइते

**हरिशंकर शर्मा**
**परवानीपुर ।**
बाराको परवानीपुर गाउँपालिका वडा नं. १ रहरिया टोलमा बुधबार बिहान परिवारका दुईजनाको विभत्स हत्या गरिएको छ । करिब १ बजेको समयमा घरको छतबाट प्रवेश गरेका कालो ज्याकेट लगाएका अपरिचित युवकले एउटै परिवारका दुईजनालाई विभत्सव हत्या गरी फरार भएका छन् । घटनाक्रममा परिवारकै २ जना जना गम्भीर घाइते भएका छन् ।
परवानीपुर–१ रहरिया टोल निवासी ५२ वर्षीय जागरुक मण्डलका २८ वर्षका छोरा रामेश्वर मण्डल र श्रीमती ४६ वर्षीय सुमित्रा देवी मण्डलको हत्या गरिएको छ । घटनाबारे थाहा पाउनेबित्तिकै श्रीमतीलाई बचाउन आक्रमणकारीसँग प्रतिकार गर्न खोजेका जागरुक मण्डल र उनकी २२ वर्षीय छोरी रिना कुमारी मण्डलमाथि आक्रमण हुँदा दुवै गम्भीर घाइते भएका छन् । घाइते बाबु र छोरीको बाराको गण्डक नौतनस्थित एलएस न्यूरो अस्पलालमा उपचार भइरहेको छ । उनीहरुको अवस्था गम्भीर रहेको बताइएको छ । प्राप्त जानकारी अनुसार जागरुक मण्डलको घरमा राति आठ जना सुतिरहेका थिए । एउटा कोठामा रामेश्वर मण्डल र उनकी श्रीमती मनिता देवी मण्डल दुई जना नाबालिग बालबालिकासहित सुतिरहेका थिए । त्यही घरको अर्को कोठामा जागरूक मण्डल, उनकी श्रीमती सुमित्रा देवी मण्डल र एक नातिनी सुतिरहेका थिए भने छोरी रिना मण्डल अर्को कोठामा सुतिरहेकी थिइन् । रातिको समयमा शौचालय जान बाहिर निस्केकी मृतक सुमित्रा देवी मण्डललाई छतबाट हाम्फालेर घरमा प्रवेश गरेका युवकलाई भेटेपछि दुवैजनाबीच विवाद हुँदा आक्रमणकारीले सुमित्रा मण्डललाई तछाडमछाड गर्दै बरण्डा बाहिर लगेर चक्कुले घाँटी रेटी हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको बताइएको छ । लगत्तै श्रीमतीको चिच्याहट सुनेर ब्युँझिएका जागरूक मण्डलमाथि पनि आक्रमणकारीले आक्रमण गर्न थालेपछि बीचमा हस्तक्षेप गर्न पुगेकी उनकी २२ वर्षीया छोरी रीना मण्डल पनि आक्रमणकारीको आक्रमणबाट गम्भीर घाइते भइन् ।
कोलाहलबीच आक्रमणकारी घरभित्र प्रवेश गरी रामेश्वर मण्डलका करिब २८ वर्षका छोरामाथि पनि धारिलो हतियार प्रहार गरी हत्या गरेको बताइएको छ । दुईजनाको हत्या गरी दुईजनालाई गम्भीर घाइते बनाएलगत्तै होहल्ला भएपछि गाउँका अन्य स्थानीयले थाहा पाएपछि आक्रमणकारी फरार भएका थिए । घटना भएलगत्तै तत्काल जिल्ला प्रहरी कार्यालय बाराको टोली राति बिहान २ बजेदेखि घटनास्थलमा पुगेर तालिमप्राप्त कुकुरसहित व्यापक अनुसन्धानमा खटिएको छ ।
घटनास्थल सिल गरिएको छ भने मृतक दुवै जनाको शव पोस्टमार्टमका लागि पठाइएको छ । कालो ज्याकेट लगाएको एक जना शंकास्पद व्यक्ति फरार रहेको र खोजी तीव्र पारिएको प्रहरीले जनाएको छ । घटनामा घाइते भएका जागरूक मण्डल र २२ वर्षीया छोरी रीना मण्डललाई वीरगंजस्थित एलएस न्यूरो अस्पतालमा उपचार भइरहेको छ । दुवैको अवस्था गम्भीर रहेको र आइसीयूमा राखेर उपचार भइरहेको अस्पताल स्रोतले जनाएको छ । यसरी एउटै परिवारका आमा र छोराको निर्मम हत्या हुँदा गाउँ शोकमा डुबेको छ । यो विभत्स हत्याकाण्डले सम्पूर्ण क्षेत्र स्तब्ध बनेको छ भने गाउँभर त्रास फैलिएको छ । यो हत्याकाण्डलाई स्थानीयले 'अहिलेसम्मकै सबैभन्दा विभत्स घटना' भन्दै गहिरो शोक र आक्रोश व्यक्त गरेका छन् । एउटै घरभित्र भएको आमा–छोराको हत्या र बाबु–छोरीको ज्यान जोखिममा पर्ने गरी गरिएको आक्रमणले सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्न खडा गरेको छ । प्रहरीले घटनाको वास्तविक कारण, संलग्न व्यक्ति तथा षड्यन्त्रको पाटो खुलाउन अनुसन्धान तीव्र बनाएको जनाएको छ ।




## २४ घण्टा नबित्दै मुख्य अभियुक्त पक्राउ, 'सुपारी हत्या' तर्फ अनुसन्धान

परवानीपुर गाउँपालिका–१ रहरियाडमा बुधबार बिहान भएको विभत्सव दोहोरो हत्याकाण्डमा प्रहरीले मुख्य अभियुक्तलाई पक्राउ गर्दै घटनाको डरलाग्दो रहस्य बाहिर ल्याएको छ । आमा–छोराको निर्मम हत्या प्रकरणमा मृतककी पत्नी र उनका प्रेमी पक्राउ परेसँगै यो घटना पारिवारिक कलह मात्र नभई योजनाबद्ध अपराध भएको पुष्टि भएको छ । प्रहरीका अनुसार २८ वर्षीय रामेश्वर मण्डल र उनकी ४६ वर्षीया आमा सुमित्रा देवी मण्डलको घाँटी रेटेर हत्या गरिएको थियो । प्रहरी अनुसन्धानबाट मृतककी २३ वर्षीया पत्नी मनिता देवी मण्डल र उनका प्रेमी धमेन्द्र महतो नै हत्याको योजनाकार रहेको खुलेको छ । प्रारम्भिक अनुसन्धान अनुसार मनिताले प्रेमी धमेन्द्रसँग मिलेर हत्या योजना बनाएकी थिइन् । धमेन्द्र वैदेशिक रोजगारीका लागि दुबईमा थिए । उनी माघ १२ गते काठमाडौं फर्किएपछि योजनालाई कार्यान्वयन गरिएको हुन सक्ने प्रहरीको आशंका छ । बाराका प्रहरी उपरीक्षक नरेन्द्र कुँवरले भने, 'अहिले नै सबै कुरा भन्न मिल्ने अवस्था छैन, अनुसन्धान भइरहेको छ, चाँडै सत्य तथ्य बाहिर आउँछ, दोषी कारवाहीबाट उम्किन पाउँदैन ।' प्रहरीले यो हत्या केवल दुई जनाले मात्र नभई अन्य व्यक्तिको संलग्नतामा 'सुपारी' दिएर गराइएको हुनसक्ने आशंका पनि गरेको छ । अनुसन्धान अधिकारीहरूका अनुसार धारिलो हतियार प्रयोग गरी योजनाबद्ध रूपमा आक्रमण गरिएको प्रारम्भिक निष्कर्ष निकालिएको छ । घटनामा प्रयोग भएका हतियार, सम्भावित संलग्न व्यक्ति र योजनाको सम्पूर्ण सञ्जाल पत्ता लगाउन विशेष अनुसन्धान टोली खटाइएको छ । बाराका प्रहरी प्रमुख एसपी नरेन्द्र कुँवरले घटनाबारे गहिरो अनुसन्धान जारी रहेको जानकारी दिँदै, 'यो जघन्य अपराधमा संलग्न सबै व्यक्ति पहिचान गरी कानुनी दायरामा ल्याइनेछ,' भने । उनका अनुसार मोबाइल विवरण, सीसी क्यामरा फुटेज, कल रेकर्ड र बयानका आधारमा थप पक्राउ पर्न सक्ने सम्भावना उच्च छ । एकै परिवारभित्र भएको यस्तो जघन्य घटनाले परवानीपुर स्तब्ध छ । आमा–छोराको हत्या र बाबु–छोरी गम्भीर घाइते भएको घटनालाई स्थानीयले 'अकल्पनीय र अमानवीय' भन्दै दोषीलाई कडा सजायको माग गरेका छन् । प्रहरी अनुसन्धानले क्रमशः घटनाको सम्पूर्ण रहस्य खोल्दै लगिरहेको छ । तर प्रारम्भिक निष्कर्षले नै यो हत्याकाण्ड घरेलु विवादको सीमाभन्दा धेरै अगाडि बढेर प्रेम सम्बन्ध, षड्यन्त्र र सम्भावित सुपारी नेटवर्कसम्म पुगेको संकेत दिएको छ ।

## घरेलु विवाद र षड्यन्त्रको आशंका

घाइते रीना मण्डलको भनाईलाई उद्दत गर्दै प्रहरीले घटनाको पछाडि लामो समयदेखि चल्दै आएको घरेलु विवाद र षड्यन्त्र हुनसक्ने आशंका गरेको छ । रामेश्वर मण्डलकी श्रीमती मनिता देवीसँग करिब एक वर्षदेखि घरायसी झगडा र कुटपिट हुँदै आएको खुलेको छ । एक वर्षअघि भाउजु घरबाट भागेकोले त्यही बेलादेखि नै दाई र भाउजुबीच विवाद चल्दै आएको घाइते रिना कुमारी मण्डलले बताइन् ।
घटनाको क्रममा त्यही घरमा श्रीमान्सँगै सुतिरहेकी रामेश्वर मण्डलकी श्रीमती मनिता देवी मण्डललाई केही नभएको कारण पनि उनको संलग्नता हुनसक्ने आशंका गरिएको छ । त्यसका साथै घाइते भएकी रिना कुमारी मण्डलले पनि आक्रमणकारीसँग आफ्नो प्रतिकार हुँदा बखत भाउजु मनिता देवीले आफूलाई नै भूइँमा टाउको पटकपटक लडाएर घाइते बनाएको उनको भनाई छ । मनिता देवी मण्डलको यस्ता क्रियाकलापले पनि उनको संलग्नता हुनसक्ने प्रहरीको आशंका छ ।




## आशंकामा बुहारी मनिता प्रहरीको नियन्त्रणमा

घटनामा प्रहरीले शंकाको आधारमा बुहारी मनिता देवी मण्डललाई नियन्त्रणमा लिएको छ ।
घटनासँग सम्बन्धित शंकाका आधारमा २८ वर्षीया बुहारी मनितालाई प्रहरीले नियन्त्रणमा लिएर सोधपुछ गरिरहेको बाराका प्रहरी उपरीक्षक नरेन्द्र कुँवरले जानकारी दिए । 'घटना कसरी र किन भएको हो भन्ने विषयमा बुहारीलाई नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरेका छौँ,' उनले भने, 'उनको बयानपछि थप तथ्यहरु खुल्नेछन् ।'
प्रहरीका अनुसार सुतिरहेको अवस्थामा आमाछोरामाथि धारिलो हतियारले गरिएको आक्रमणबाट आमा सुमित्रा देवी र छोरा रामेश्वर मण्डलको घटनास्थलमै मृत्यु भएको र उनीहरूको शव घरमै फेला परेको हो ।
घटनाको कारण र संलग्न व्यक्तिबारे यकिन गर्न प्रहरी टोली घटनास्थलमै पुगेर थप अनुसन्धान तथा प्रमाण संकलन गर्ने कार्यमा जुटेको प्रहरीले जनाएको छ ।

## मधेशमा विकासको लडाइँ बाँकीः यादव

**मधेशदृष्टि**
**राजविराज ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले अधिकार, पहिचान, स्वाभिमान र समानतासँगै अब विकासका लागि लडाई लड्नुपर्ने बताएका छन् ।



सप्तरीको विष्णुपुर गाउँपालिका वडा नम्बर ४ स्थित शान्ति चोकमा बुधबार आयोजित चुनावी अभियान कार्यक्रमलाई सम्बोधन गर्दै उनले भने, 'हामीले अधिकार, पहिचान, स्वाभिमान र समानताका लागि लडाइँ लड्यौँ, अब मधेशले विकासका लागि लडाइँ लड्नु आवश्यक छ ।' मधेशबाट अत्यधिक राजस्व लगे पनि विकास गर्न बजेट अत्यन्त कम आउने गरेको चर्चा गर्दै अध्यक्ष यादवले विगतमा सक्षम जनप्रतिनिधि नचुनिएका कारण आवाज उठाउन नसक्दा सप्तरी ३ का विकासमा समेत पछाडि परेको बताए ।
प्रतिनिधिसभा सदस्यका उम्मेदवार समेत रहेका उनले सप्तरी–२ बाट आफूले चुनाव जितेपछि शिक्षा, स्वास्थ्य र यातायातको क्षेत्रमा उल्लेखनीय कार्य गरेको चर्चा गर्दै भने 'रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान, कृषि विश्वविद्यालय स्थापना तथा सञ्चालन, गजेन्द्रनारायण सिंह अस्पतालमा कायापलट हुने गरी भौतिक पूर्वाधार निर्माण, महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसमा इन्जिनियरिङ भवन निर्माण, अस्पताल परिसरमा नर्सिङ भवन, विद्यालयहरुमा शैक्षिक भवन, रुपनी– राजविराज सडक, राजविराज– छिन्नमस्ता– न्यौर सडक, राजविराज– हनुमाननगर– भारदह सडक निर्माण, पालिकाहरुलाई एम्बुलेन्स लगायतका कामहरु कामहरु अगाडि बढाएँ, दुर्भाग्य नै भन्नुपर्छ मेरो अनुपस्थितिमा ती कार्य अगाडि बढाउनुको साटो भाँजो हाल्ने काम भयो ।'
विगतमा मधेश र मधेशी जनतामाथि भइरहेको चरम विभेद एवम् दमन विरुद्ध मधेशी

बाँकी पृष्ठ २ मा

## प्रहरीलाई चुनौति दिदैँ वीरगंजको मुटुमा बढ्दै चोरी
# सीसी क्यामरामा कैद भएपनि अपराधी खुला

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको सदरमुकाम वीरगंजको मुख्य बजार क्षेत्र नै पछिल्लो समय चोरहरूको सुरक्षित अखडा बन्दै गएको छ । प्रहरी प्रशासनको कमजोर सुरक्षा व्यवस्था, ढिलासुस्ती र प्रभावहीन अनुसन्धानकै कारण दिनप्रतिदिन चोरीका घटनामा वृद्धि भइरहेको भन्दै सर्वसाधारण आक्रोशित बन्दै गएका छन् ।
यसैको पछिल्लो उदाहरण वीरगंज महानगरपालिका–१५, एनआई कलेज अगाडि जाने बाटोमा रहेको श्यामलाल कर्णको घरमा भएको ठूलो चोरी हो । गत १२ गते राति करिब १ बजेको समयमा घरमा कोही नभएको मौका छोपी चोरहरूले झ्यालको ग्रील तोडी





भित्र प्रवेश गरी सुनचाँदीका गरगहना तथा नगदसहित करिब ५० लाख रुपैयाँभन्दा बढीको धनमाल चोरी गरेर फरार भएका छन् । घरमा जडान गरिएको सीसी क्यामरा फुटेजमा तीन जना व्यक्ति करिब एक घण्टासम्म घरभित्र बसेर दराज तोडफोड गर्दै चोरी गरिरहेको दृश्य स्पष्ट रूपमा कैद भएको छ । अनुहार, हुलिया र गतिविधि प्रस्ट देखिँदा पनि घटना भएको दुईदिन बितिसक्दा समेत प्रहरीले कसैलाई पक्राउ गर्न नसक्नुले प्रहरी प्रशासनको भूमिकामाथि गम्भीर प्रश्न उठेको छ ।
स्थानीयका अनुसार यति स्पष्ट प्रमाण हुँदाहुँदै पनि प्रहरीले न त प्रभावकारी खोजतलास गरेको देखिएको छ, न त नियमित गस्ती बढाइएको छ । 'यदि सीसी क्यामरामा कैद भएका अपराधी पनि सुरक्षित छन् भने आम नागरिकको सुरक्षा कसले गर्छ ?' स्थानीय व्यापारीहरूको आक्रोशपूर्ण प्रश्न छ ।

- **बजार क्षेत्र असुरक्षित, चोरहरूको मनोबल उच्च**

यो घटना मात्र होइन । केही दिनअघि वडा प्रहरी कार्यालय श्रीपुर नजिकैसमेत चोरीको घटना सार्वजनिक भएको थियो । तर ती घटनामा पनि प्रहरीले कुनै ठोस उपलब्धि हासिल गर्न सकेको छैन । बजार क्षेत्र, कलेज वरिपरी, घना बस्ती र व्यावसायिक केन्द्रमै बारम्बार चोरी हुनु तर अपराधी पक्राउ नपर्नुले चोरहरूको मनोबल उच्च र प्रहरीको उपस्थिति कमजोर देखिएको छ ।दिनदहाडै प्रहरी गस्ती देखिएपनि राति हुने चोरीका घटनामा नियन्त्रण नहुनु, सूचनापछि पनि ढिलो पुग्नु र अनुसन्धानमा गम्भीरता नदेखिनु प्रहरी प्रशासनको चरम लापरवाहीको उदाहरण भएको स्थानीयवासी बताउँछन् । मुख्य बजार क्षेत्रमा नै ५० लाखभन्दा बढीको चोरी हुँदा पनि अपराधी खुला घुम्नुले व्यापारी र सर्वसाधारण भयभीत बनेका छन् । कतिपयले राति पसल र घरमा बस्नसमेत डर लाग्ने अवस्था सिर्जना भएको बताएका छन् । लगातार बढ्दो चोरीका घटनाले वीरगंजको सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्न खडा गरेको छ । स्थानीयबासी, पीडित परिवार तथा व्यापारी संघहरूले प्रहरी प्रशासनसँग तत्काल विशेष टोली गठन गरी चोरी नियन्त्रण, नियमित रात्री गस्ती, सीसी क्यामरा विश्लेषण र शंकास्पद व्यक्तिमाथि कडा निगरानी गर्न माग गरेका छन् । दोषीलाई छिटो सार्वजनिक गरी कानूनी दायरामा ल्याउन नसके जनआक्रोश अझ चर्किने चेतावनीसमेत दिन थालिएको छ ।
वीरगंज जस्तो व्यस्त र संवेदनशील सहरमा प्रहरी प्रशासनकै कमजोरीका कारण चोरी मौलाउँदै जानु केवल एउटा घरको क्षति मात्र होइन, सम्पूर्ण सहरको सुरक्षा प्रणाली असफल बन्दै गएको संकेत हो ।

# चुनावी मैदानमा हार्दिकता प्रस्तुत गर्दै उम्मेदवार







**काठमाडौँ ।**
एक–अर्को दलका उम्मेदवारबीच आरोप–प्रत्यारोपसहित 'बोलचाल बन्द' को स्थितिबाट निर्वाचनमा होमिने गरेका राजनीतिक दल र उम्मेदवारमा यस पटक भने हार्दिकता देखिएको छ ।

विसं २०६२÷६३ को परिवर्तनपछि कुनै न कुनै रूपमा हुँदै आएको चुनावी तालमेल र मिलिजुली सरकार गठन गर्ने परिस्थितिले पनि एक–अर्काप्रति नजिक्याएकाले पनि हार्दिकता प्रकट गर्ने वातावरण बनाएको अनुमान गरिएको छ ।

नेपाली कम्युनिष्ट पार्टी सिन्धुली निर्वाचन क्षेत्र नं २ का उम्मेदवार लेखनाथ दाहाल एकअर्का◌े दलको नेता तथा कार्यकताप्रति समेत हार्दिकता देखिँदा निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, मर्यादित र मितव्ययी तुल्याउन सहयोग पुग्ने धारणा राख्छन् ।

उन भन्छन्, 'नेता तथा कार्यकर्ताबीचको हार्दिकता र शालिनताले चुनावी वातावरण सहज तुल्याउँछ । निर्वाचनलाई खर्चका हिसाबले विशिष्टिकृत नतुल्याइ सामान्य बनाउन जनतामाझ पुगेर अन्तरसंवाद गर्ने, विश्वास दिलाउने र मत माग्ने कार्य गर्नु नै असल अभ्यास हो ।'

उनका अनुसार राजनीति सङ्ग्लिँदै गएकाले विगतमा पार्टी कमिटीमार्फत जनतामा पुग्ने गरेको उम्मेदवार अहिले प्रत्यक्ष जनता सहभागी हुने परिस्थिति बनेको छ । भिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ताले समेत अरु उम्मेदवारको विचार सुन्ने र बुझ्ने वातावरण मिलेको छ । यसले लोकतान्त्रिक राजनीति संस्कारको विकास भएको देखाउँछ ।

'अर्कातर्फ ग्रामीण बस्तीमा प्रभाव कम भए पनि निर्वाचनलाई मितव्ययी बनाउन 'डिजिटल प्लेटफर्म' प्रयोग गर्न सकिन्छ । जनताले पनि सामाजिक सञ्जालमा कसको उपस्थिति राम्रो रहेछ भनी यकिन गरी त्यसैका आधारमा मूल्याङ्कन हुन थालेको अनुमान गर्न सकिन्छ,' पूर्वसांसद दाहालले भने ।

नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री मीनेन्द्र रिजाल निर्वाचनको अत्यन्त प्रारम्भिक चरणमा रहेकाले आगामी दिन कसरी अघिबढ्ने भन्ने अहिले नै आकलन गर्न बाँकी नै रहेको बताउनुहुन्छ । उनले भने, 'सूचना प्रविधिको प्रयोग गर्नुपर्छ भन्ने ठूलो चेतना छ, तर त्यसको प्रयोग कतिको प्रभावकारी हुन्छ ? मतदाता र उम्मेदवारको भेटघाटको सट्टामा काम गर्छ, अहिलेको आकलन गर्न सकिन्न ।'

सहरी क्षेत्रमा सामाजिक सञ्जालको प्रयोग महत्त्वपूर्ण हुने उल्लेख गर्दै नेता रिजालले गाउँघरमा भने मतदाता उम्मेदवारलाई देख्न र भेट्न चाहने बताए । उनले मोरङ क्षेत्र नं २ बाट उम्मेदवारी दिएका छन् ।

त्यसैगरी गुल्मी निर्वाचन क्षेत्र नं १ मा एमाले नेता प्रदीप ज्ञवाली र कांग्रेस नेता चन्द्र भण्डारीले त्यसखाले संस्कार प्रस्तुत गर्दै आएका थिए । यस्तै झापामा माओवादी नेता राम कार्की र कांग्रेस नेता विश्वप्रकाश शर्माले पनि एकअर्काप्रति लोभलाग्दो सम्मान व्यक्त गर्दा सबैबाट प्रशंसा भएको थियो ।

नेकपा (एमाले) सर्लाही क्षेत्र नं ३ का उम्मेदवार हरिप्रसाद उप्रेती निर्वाचन प्रचारप्रसारमा सामाजिक सञ्जाल र प्रविधिको प्रयोग बढेको प्रतिक्रिया दिन्छन् । उनी भन्छन्, 'कतिपय उम्मेदवारको स्वभावमा पनि भरपर्ने भएकाले हार्दिकताको विषय त्यससँग जोडिन्छ । तर असल राजनीतिक संस्कार अघि बढेको छ, जसले समाजलाई सकारात्मक सन्देश प्रवाह गरेको छ ।'

पूर्वमन्त्री उप्रेतीका अनुसार, चुनावमा खर्च गर्ने प्रवृत्तिमा सुधार आवश्यक छ । गाउँ र समाजको संरक्षण गरेर बसेका निष्ठावान्, सम्पत्ति नभएका मानिस प्रतिस्पर्धा गर्न पाउनुपर्छ । त्यस्ता व्यक्ति नीति निर्माण तहमा पुग्नुपर्छ । राज्यले त्यस्तो वातावरण गर्न सकेन भने राज्य ठीक ढङ्गले अघि बढन सक्दैन । मुख्य कुरा निर्वाचनमा खर्च गर्न नपर्ने प्रणालीको विकास गर्नुपर्ने छ ।

राष्ट्रिय जनता दल नेपालका तर्फबाट सर्लाही क्षेत्र नं १ का उम्मेदवार रामप्रकाश चौधरी यसअघिको निर्वाचनमा एक अर्कालाई देखे÷नदेखेजस्तो गर्ने प्रवृत्ति अहिले आफूले महसुस नगरेको बताउँछन् । 'पहिलेजस्तो तनाव र पानी बाराबारको स्थिति अहिले छैन, हार्दिककता साटासाट गरेर नै चुनावी माहोल अघि बढिरहेको छ । विगतको जस्तो जुलुस लिएर घर दैलो गर्ने कार्य निकै कम छ,' उनले भने, 'जनताका केही गुनासो छ । पाँच वर्षका लागि पठाएको किन फर्केर आएको भन्ने प्रश्न सुन्न परेको छ ।'

जिल्लाका मतदाता प्रविधिसँग अभ्यस्त नभइसकेकाले सम्पूर्ण चुनावमा प्रविधिमय भइहाल्छ भन्ने हुन्न । सहरी क्षेत्रमा यसको सदुपयोग र दुरूपयोग दुवै छ । असल अभ्यासलाई आत्मसात् गर्नुपर्छ तर प्रविधिको प्रयोगको पाटोमा जाँदा त्यसमा पनि खर्च गर्नुपर्ने अवस्था छ ।

नागरिक उन्मुक्ति पार्टी नेपालकातर्फबाट बर्दिया निर्वाचन क्षेत्र नं १ का उम्मेदवार अब्दुल खान जिल्लाका सबै निर्वाचन क्षेत्रमा भाग लिने राजनीतिक दल र उम्मेदवारबीच सौहार्दता रहेको बताउनुहुन्छ । उनी भन्छन्, 'एकले अर्काप्रति आरोप प्रत्यारोप नगरी जनता नै सर्वा◌ेपरि हुन् भन्ने भावनाले मतदाता भेटघाट चलाएको र निर्वाचनको तयारीमा जुटिरहेको अवस्था छ ।'

उम्मेदवारी दर्ता गराउँदा कांग्रेस, राष्ट्रिय स्वतन्त्र पार्टी र जनमुक्ति पार्टीका उम्मेदवारले सँगै उभिएर तस्वीर खिचाएको दृष्टान्त दिँदै उनले भने, 'जनताको हातमा फैसला छ, जनता निकै सचेत छन्, निर्णय गर्न जनतालाई छाडेका छौँ । हामीबीच कुनै तिक्तता छैन ।' निर्वाचनको प्रसारप्रसारमा सामाजिक सञ्जालले धेरै सजिलो पु¥याए पनि केही व्यक्तिले त्यसको दुरूपयोग गरी व्यक्ति विशेषलाई लक्षित गरी बदनाम गर्ने प्रवृत्ति सच्याउनुपर्ने उनको भनाइ छ । रासस



नवनिर्मित कृष्ण प्रणामी मन्दिरः रौतहटको चन्द्रपुर नगरपालिका ८ सन्तपुरमा रहेको नवनिर्मित कृष्ण प्रणामी मन्दिर । तस्बिरः रासस

# प्रहरी हिरासत र जिल्ला कारागार अनुगमन



**संखुवासभा।**
कोशी प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयले जिल्ला प्रहरीको हिरासत कक्षा र जिल्ला कारागारको अनुगमन गरेको छ।

कारागारको भौतिक र मानवीय अवस्थाबारे जानकारी लिन कोशी प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयले अनुगमन गरेको हो । अनुगमनका क्रममा जिल्ला कारागारमा क्षमता भन्दा चार गुणा कैदीबन्दी राख्दा मानवीय व्यवहारसमेत नहुने गरेको जनाएको छ।

अनुगमन टोलीले कारागार तथा हिरासत कक्षलाई थप सुधार गर्दै मानव अधिकार संरक्षणमा ध्यान दिन कारागार प्रशासनलाई निर्देशन दिएको छ । टोलीले अनुगमनका क्रममा कारागार प्रशासन, सुरक्षाकर्मी र हिरासत कक्ष तथा थुनामा रहेका व्यक्तिसँग छलफलसमेत गरेको थियो । कारागारमा क्षमताभन्दा चार गुणा बढी कैदीबन्दी हुँदा खानेपानी, सुत्न समस्या भएको कैदीबन्दीको गुनासो छ । पालैपालो सुत्नुपर्ने बाध्यता भएको कैदीबन्दीको भनाइ छ।

जेनजी आन्दोलनपछि अदालतबाट 'भिडियो कन्फेरेन्स' रोकिएकाले पुनः सञ्चालनको पहल गरिदिन आग्रह गरेका छन्।

जिल्ला कारागारमा ५५ जना क्षमता भए पनि १ सय ५७ कैदीबन्दी राखिएका छन्। १ सय ४७ पुरूष, आठ महिला कैदीबन्दी र दुईजना आश्रित बालबालिका छन्। कारागारको क्षमता भने पुरुष ५० र महिला पाँच जना बराबरको हो । कैदीबन्दीको पुनःस्थापना र पुनः सामाजिकीकरणका लागि सञ्चालन गरिएका तालिम, सीप विकास कार्यक्रमलाई प्रभावकारी बनाउन अनुगमन टोलीले निरीक्षण गरेको जनाएको छ । मुख्य न्यायाधिवक्ता नारायण वस्ती नेतृत्वको टोलीले कोशी प्रदेश अन्तर्गतका भोजपुर, धनकुटा र संखुवासभाको कारागार तथा प्रहरी हिरासत कक्षको अनुगमन गरेको हो।

कारागार अनुगमनले कारागार व्यवस्थापनलाई सुधार गर्न र न्यायिक प्रणालीलाई थप प्रभावकारी बनाउन मद्दत पुग्ने कोशी प्रदेश मुख्य न्यायधिवक्ताको कार्यालयका मुख्य न्यायाधिवक्ता नारायण वस्तीले बताए।

# राजमोको चुनावी घोषणापत्रः
# विकेन्द्रित र सन्तुलित विकास नीति




**लुम्बिनी।**
राष्ट्रिय जनमोर्चाले नेपालको क्षेत्रीय सन्तुलनसहितको विकासका लागि विकेन्द्रित र सन्तुलित विकासको नीति अपनाउनुपर्नेमा जोड दिएको छ।

आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा निर्वाचनका लागि राष्ट्रिय जनमोर्चाले आज चुनावी घोषणापत्रमा सार्वजनिक गर्दै विकासका दृष्टिकोणले पछाडी परेका जिल्ला र दुर्गमस्थानको विकासमा राज्यले प्राथमिकता दिनुपर्नेमा जोड दिएको हो।

राजमोले देशको दीगो विकासमा भ्रष्टाचार सबैभन्दा गम्भीर समस्याका रूपमा रहेको निष्कर्ष निकालेको छ।

त्यसका लागि उच्चस्तरीय शक्तिशाली आयोगको गठन गरेर सबै तहका भ्रष्टाचारको छानबिन र कारबाही गरिनुपर्ने घोषणापत्रमा उल्लेख गरेको छ। देशको सर्वाङ्गीण विकासको प्रमुख आधार पर्यटन क्षेत्रको ठूलो महत्व रहेकाले पर्यटन क्षेत्रको विकासको सम्भावना बोकेका जिल्ला र स्थानको अध्ययन, अनुसन्धान गरी ती क्षेत्रको गुरुयोजना बनाएर काम अघि बढाउनुपर्ने जनाएको छ । लुम्बिनी, कपिलवस्तुको तिलौराकोट ऐतिहासिक महत्वका रूपन्देही, कपिलवस्तु र पश्चिम नवलपरासीका प्राचीन वा बौद्ध पुरातात्विक अवशेष, भग्नावशेषलाई मिलाएर बौद्ध पुरातात्विक सहरको निर्वाण गरिनुपर्नेमा घोषणापत्रमा जोड दिइएको छ।

त्यसैडगरी घोषणपत्रमा यातायातको विकास, पर्यावरणको संरक्षण, सहकारी, कृषि, उद्योग, जलस्रोत, विदेश नीति, राष्ट्रियता, रोजगारी, मजदुरका हकअधिकार, पुनःस्थापना, स्वास्थ्य, खेलकुद, शिक्षा सामाजिक सुरक्षा, ज्येष्ठ नागरिकको संरक्षण र अधिकारलगायतका क्षेत्रको विकासमा जोड दिनुपर्ने घोषणापत्रमा उल्लेख छ।

घोषणपत्र सार्वजनिक कार्यक्रममा राजमोका अध्यक्ष चित्रबहादुर केसीले अहिले राष्ट्र, राष्ट्रियता र जनता अप्ठ्यारो अवस्थामा रहेकाले आगामी फागुन २१ गते हुने निर्वाचनमा जनताले विगतका गल्ती कमजोरीबाट पाठ सिकेर सही पार्टी र उम्मेदवारलाई निर्वाचित गर्नुपर्ने बताए।

# बाबुछोराको झगडा छुट्याउन गएका छिमेकीको मृत्यु

**नुवाकोट।**
नुवाकोटको दुप्चेश्वर गाउँपालिका– १ स्थित घ्याङफेदीमा बाबुछोराको झगडा छुट्याउने क्रममा सोही स्थानका रणे तामाङको मृत्यु भएको छ । घेवारचौरस्थित ओङ्दी शेर्पा र उनका छोरा कुन्सा ग्याल्जेन शेर्पाबीचको झगडा छुट्याउन गएका ३३ वर्षीय रणे तामाङको लडेर घटनास्थलमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय नुवाकोटले जनाएको छ।

प्रहरी नायब उपरीक्षक विक्रम लामाका अनुसार ओङ्दीको आमा चुङ्दी बिरामी भएकाले उनको स्वास्थ्यावस्था बुझ्न पुगेका छिमेकी तामाङले सोही समयमा भइरहेको शेर्पा र उनका छोराको विवाद समाधानका लागि सम्झाउने प्रयास गरेका थिए।

बाबुछोराको विवाद बढ्दै गएसँगै बीचमा रहेर छुट्याउन लागेका तामाङको लडेर घटनास्थलमा नै मृत्यु भएको हो । उनको शरीमा चोटपटक केही नभएको हुँदा शवको परीक्षणपश्चात् मृत्युको कारण खुल्ने प्रहरीले जनाएको छ।

शव परीक्षणका लागि आज त्रिशूली अस्पतालमा ल्याइएको छ भने घटनाका सम्बन्धमा कारबाहीका लागि अनुसन्धान गर्न प्रहरीले ५२ वर्षीय ओङ्दी शेर्पा र उनका छोरा २६ वर्षीय कुन्सा ग्याल्जेन शेर्पाले पक्राउ गरेको छ । प्रहरीले उनीहरूविरुद्ध 'ज्यानसम्बन्धी कसुर'मा नियन्त्रणमा राखेर अनुसन्धानका लागि आज नुवाकोट जिल्ला अदालतबाट सात दिनको म्याद लिएको जनाएको छ।

# नेल्टा अन्तर्राष्ट्रिय सम्मेलन आगामी शुक्रबारदेखि

**काठमाडौँ।**
अङ्ग्रेजी भाषा शिक्षक सङ्घ (नेल्टा)को आयोजनामा ३० औँ नेल्टा अन्तरराष्ट्रिय सम्मेलन हुने भएको छ।

नेल्टाले बुधबार पत्रकार सम्मेलन गरी यही माघ १६ र १७ गते ग्यालेक्सी पब्लिक स्कूलमा नेल्टा अन्तरराष्ट्रिय सम्मेलन हुने जानकारी गराएको हो । पत्रकार सम्मेलनमा नेल्टाका अध्यक्ष प्रा डा लक्ष्मण ज्ञवालीले अङ्ग्रेजी शिक्षाको महत्वका बारेमा राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा



छलफल हुने जानकारी दिए।

'भावी पुस्ताका लागि अङ्ग्रेजी भाषा शिक्षणः मानव, पृथ्वी र शान्तिका लागि शिक्षा' भन्ने मूल नाराका साथ हुन लागेको सम्मेलनमा ८ सय अङ्ग्रेजी शिक्षकको सहभागिता हुने अध्यक्ष ज्ञवालीले बताए।

दुई दिनसम्म सञ्चालन हुने सम्मेलनमा अङ्ग्रेजी शिक्षाका बारेमा समूहगत छलफलका साथै प्रदेशस्तरीय छलफल हुनेछ।

सम्मेलनमा नेपाल, भारत, बङ्गलादेश, श्रीलङ्का, मलेसिया, चीन, सिङ्गापुर, मङ्गोलिया चीन, सिङ्गापुर, मङ्गोलिया, अमेरिका, बेलायत, जापान, हङ्कङलगायत देशका प्रतिनिधिको सहभागिता रहने आयोजकले जनाएको छ।

# मधेशमा विकासको लडाइँ ...

जनअधिकार फोरम नेपालको नेतृत्वमा सङ्घर्ष भएको चर्चा गर्दै फोरमसँगको सम्झौतापछि गाउँगाउँमा नागरिकता टोली खटाएर नागरिकता वितरण गरिएको उनले बताए ।

मधेशी अर्थात कालो चेहरालाई मर्सिया, धोती जस्ता शब्दले अपमानित गर्ने गरेकोमा अहिले मधेश प्रदेश नै बनेको चर्चा गर्दै जसपा अध्यक्ष यादवले भने, 'अब मधेशीलाई भेदभाव वा दुव्र्यवहार गर्न पाउँदैन गर्वले मधेश प्रदेशको वासिन्दा भन्न पाएका छन् ।'

मधेश आन्दोलनकै उपलब्धिका कारण मधेशी, महिला, दलित, मुस्लिम, आदिवासी, जनजाति, पिछडावर्ग लगायत विभेदमा पारिएका समुदायको सहभागिताको सुनिश्चितता भएको उनले बताए । अझैँ थुप्रै अधिकार प्राप्त गर्न बाँकी रहेकोले त्यसकालागि मधेशी जनता मधेशको पक्षमा एकतावद्ध भएर अगाडि बढ्नुपर्नेमा जोड दिँदै उनले भने, 'मधेशी जनताले पाएको अधिकार पनि खोस्नका लागि मधेशमा भ्रम छर्ने काम भइरहेकोले जसपा नेपालका उम्मेदवारहरुलाई भारी मत दिएर जिताएर पठाउन आग्रह छ ।'

जसपा नेपालका नेता एवम् पूर्वमन्त्री रेणुकुमारी यादवले आफू शिक्षामन्त्री हुँदा अडानका साथ विधेयक ल्याएर पारित गराएकै कारण सरकारी विद्यालयमा अध्ययन गरेका तथा दलित, मुस्लिम समुदायबाट समेत छात्रबृतिमा डाक्टरी पढ्ने अवसर पाएको चर्चा गरिन् ।

पार्टीका सचिव शैलेन्द्र प्रसाद साहले मधेशी जनताको कठोर सङ्घर्षबाट प्राप्त भएको उपलब्धि पनि खोस्नकालागि सङ्घीयता विरोधीहरु सक्रिय रहेकोले त्यस्ता शक्तिलाई बहिष्कार गर्न आग्रह गरिन् ।


प्रचार प्रसार समितिका अध्यक्ष राजेन्द्र सदाको अध्यक्षतामा आयोजित कार्यक्रममा श्रीचन साह, दलित मुक्ति सङ्ठनका जिल्ला अध्यक्ष अशोक राम लगायतले मन्तब्य व्यक्त गरे ।

# नेपाल महिला संघ पर्साको बैठक सम्पन्न



**मधेशदृष्टि**
**वीरगंज ।**
प्रतिनिधिसभा सदस्य निर्वाचन प्रचार प्रसार अन्तर्गत नेपाल महिला संघ पर्साको बैठक सम्पन्न भएको छ । बैठकमा नेपाली कांग्रेस पर्सा क्षेत्र नं. १ का उम्मेदवार अनिल रुङटा प्रमुख अतिथिका रूपमा सहभागी रहेका थिए । बैठक महिलाको संगठनात्मक सशक्तीकरण, पार्टीको आगामी रणनीति तथा स्थानीय तहमा महिला सहभागिता अझ प्रभावकारी बनाउने विषयमा केन्द्रित रहेको थियो ।
बैठकमा नेपाली कांग्रेस पर्साका कार्यवाहक सभापति रामनारायण कुर्मी, राष्ट्रिय सभा सदस्य धर्मेन्द्र पासवान, पार्टी सचिव इम्तियाज आलम, क्षेत्र नं. १ का क्षेत्रीय सभापति अरबिन्द गुप्ता, अतिथि अनिल सिंह र प्रकाश उपाध्याय तथा नेपाल महिला संघकी केन्द्रीय सदस्य किरण सरकारसहित पार्टीका नेता–कार्यकर्ताको उल्लेखनीय उपस्थिति रहेको थियो ।
सो अवसरमा राष्ट्रिय सभा सदस्य धर्मेन्द्र पासवानले महिलाहरू नेपाली कांग्रेसको मेरुदण्ड भएको उल्लेख गर्दै पार्टी निर्माणमा नेपाल महिला संघले खेलेको भूमिकाको उच्च प्रशंसा गरेका थिए । उनले लोकतन्त्र, समावेशिता र सामाजिक न्यायको रक्षा गर्न महिलाको सक्रिय सहभागिता अपरिहार्य रहेको बताउँदै आगामी दिनमा महिला संघलाई अझ संगठित, सशक्त र क्रियाशील बनाउँदै लैजानुपर्नेमा जोड दिए ।
त्यस्तै, क्षेत्र नं. १ का क्षेत्रीय सभापति अरबिन्द गुप्ताले पार्टी संगठन विस्तारमा महिला संघको योगदान महत्वपूर्ण रहेको बताए । स्थानीय तहदेखि केन्द्रसम्म पार्टीका नीति, सिद्धान्त र विचार जनतामाझ पुर्‍याउन महिला संघले अग्रणी भूमिका खेलेको उल्लेख गर्दै उनले आगामी निर्वाचनमा एकताबद्ध भएर उम्मेदवार अनिल रुङटालाई विजयी बनाउन कार्यकर्तालाई आह्वान गरे ।
प्रमुख अतिथि तथा उम्मेदवार अनिल रुङटाले पार्टीलाई निर्वाचनमा सफलता दिलाउन महिला संघको सशक्त भूमिका निर्णायक हुने धारणा राखेका थिए । उनले महिलाको हक–अधिकार, शिक्षा, स्वास्थ्य तथा रोजगारीका क्षेत्रमा ठोस र परिणाममुखी काम गर्ने प्रतिबद्धता जनाउँदै जनताको विश्वास जित्ने खालको उत्तरदायी राजनीति आवश्यक रहेको बताए ।
नेपाल महिला संघ पर्साकी सभापति किरण शर्माको अध्यक्षतामा आयोजित बैठकले आगामी दिनमा नेपाल महिला संघलाई अझ सक्रिय र प्रभावकारी बनाउँदै पार्टी संगठनलाई थप मजबुत बनाउने निष्कर्ष निकालेको छ ।

# बिन्दवासिनीमा रास्वपा उम्मेदवार कानुको घरदैलो



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा क्षेत्र नम्बर २ अन्तर्गत पर्ने विन्दवसनी क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार सुशिल साह कानुको घरदैलो अभियान उत्साहजनक रूपमा सम्पन्न भएको छ । युवाहरू तथा स्थानीय बासिन्दाको उल्लेखनीय सहभागितासहित सम्पन्न कार्यक्रमले क्षेत्रभर सकारात्मक सन्देश दिएको पार्टीले जनाएको छ ।
स्थानीय तहमा पार्टी संगठन मजबुत बनाउने र जनसम्पर्क विस्तार गर्ने उद्देश्यले सञ्चालन गरिएको घरदैलो कार्यक्रममा पार्टीका केन्द्रीय, प्रदेश तथा स्थानीय तहका नेताकार्यकर्ताको सक्रिय उपस्थिति रहेको थियो । 'अबको परिवर्तन युवाको नेतृत्व' भन्ने नाराका साथ अघि बढाइएको कार्यक्रममा युवाहरूको उत्साह र सहभागिता उल्लेखनीय देखिएको थियो ।
कार्यक्रमका क्रममा पार्टी प्रतिनिधिहरू विन्दवसनी क्षेत्रका विभिन्न टोल–बस्तीमा पुगेर स्थानीयसँग प्रत्यक्ष संवादमा जुटेका थिए । सो अवसरमा स्थानीयवासीहरूले विकासका चुनौती, रोजगारी, शिक्षा, स्वास्थ्य, खानेपानी तथा पूर्वाधारसम्बन्धी समस्या र सुझावहरू खुलस्त रूपमा राखेका थिए ।
प्रतिनिधिहरूले ती विषयलाई गम्भीरतापूर्वक सुन्दै आगामी दिनमा नीतिगत तथा कार्यक्रमगत रूपमा सम्बोधन गर्ने प्रतिबद्धता जनाएका थिए ।
घरदैलोका क्रममा रास्वपाले आफ्ना नीति, सिद्धान्त र भावी योजनाबारे जानकारी गराउँदै पारदर्शी शासन, सुशासन, जवाफदेही राजनीति तथा जनअपेक्षाअनुसारको विकास नै पार्टीको मूल लक्ष्य भएको स्पष्ट पारेको थियो । पार्टीका अनुसार यस्ता अभियानले जनताको वास्तविक समस्या बुझ्न र समाधानमुखी प्रभावकारी नीति निर्माण गर्न महत्वपूर्ण सहयोग पुग्ने विश्वास लिइएको छ । आगामी दिनमा पनि यस्ता घरदैलो कार्यक्रमलाई निरन्तरता दिने योजना रहेको रास्वपाले जनाएको छ ।

# झुठको खेती बन्द गर्न चौधरीलाई पाण्डेको चेतावनी




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नम्बर–३ बाट नेकपा (एमाले) का प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार रुपेश पाण्डेले पूर्व मन्त्री सुरेन्द्र प्रसाद चौधरीमाथि सामाजिक सञ्जालमार्फत कडा प्रतिक्रिया दिएका छन् ।
पाण्डेले केही दिनअघि चौधरीले दिएको अन्तर्वार्ता र सार्वजनिक अभिव्यक्तिप्रति आपत्ति जनाउँदै आफूलाई बौद्धिक र विद्वान दाबी गर्ने नेताबाट निरन्तर झुठा आश्वासन, मिथ्या आरोप र अशोभनीय भाषा प्रयोग भएको बताएका छन् । उनले यस्तो अभिव्यक्तिले व्यक्तिगत छविमात्र होइन, समग्र समाजमा नकारात्मक सन्देश जाने बताएका छन् ।
सामाजिक सञ्जाल पोस्टमा पाण्डेले उल्लेख गरेका छन् कि केही समयअघि चौधरी आफ्नै मानिकपुर–२ स्थित घरमा आएर चिया नास्ता गरेको विषय प्रत्यक्ष देखेपनि सार्वजनिक कार्यक्रममा 'सुनेको छु' भनेर प्रस्तुत गरिएको छ ।
यसले चौधरीको इमानदारीमाथि गम्भीर प्रश्न उठाउने पाण्डेको दाबी छ । २०४६ सालदेखि चौधरीलाई सकारात्मक सोच भएका व्यक्ति ठानेको बताउँदै पाण्डेले पछिल्ला पाँच वर्षयता उनी 'झुटको राजनीति' गर्दै आएको आफूले नजिकबाट नियालेको बताएका छन् । चौधरीका बोली, व्यवहार र गतिविधिसम्बन्धी प्रमाण सुरक्षित रहेको उल्लेख गर्दै पाण्डेले अझै सुधारको अवसर दिन तयार रहेको पनि बताएका छन् । पाण्डेले चौधरीमाथि विभिन्न व्यक्तिमाथि धम्की दिने, झुठा आरोप लगाउने, सार्वजनिक कार्यक्रममा अशोभनीय भाषा प्रयोग गर्ने तथा व्यक्तिगत रिस र राजनीतिक स्वार्थले प्रेरित व्यवहार गर्ने आरोप समेत लगाएका छन् । उनी यस्तो 'दूषित र नकारात्मक राजनीति' तत्काल छोड्न चौधरीलाई आग्रह गरेका छन् ।
यसअघि चौधरीले सार्वजनिक कार्यक्रममा पाण्डेलाई 'राजनीतिक संस्कार नभएको नयाँ नेता' भन्दै व्यङ्ग्य गरेका थिए ।
आफ्नो पुस्तकालयमा ४–५ हजार पुस्तक रहेको र नियमित अध्ययन गर्ने दाबी गर्दै उनले ज्ञान र बौद्धिकता बिना नेतृत्व सम्भव नभएको टिप्पणी गरेका थिए ।
त्यसको जवाफमा पाण्डेले भनेका छन् कि विद्वान हुन पुस्तक मात्र पढ्नु पर्याप्त छैन, ज्ञानलाई व्यवहारमा उतार्न सक्नुपर्छ । आफू स्वावलम्बी जीवनशैलीमा विश्वास गर्ने र इमानदारीपूर्वक कमाएको पैसाले जीवनयापन गर्दै आएको उनले उल्लेख गरेका छन् । पोस्टको अन्त्यमा पाण्डेले सत्य असत्यको छिनोफानो गर्न गहवामाई मन्दिरमा सँगै कसम खानसमेत चौधरीलाई चुनौती दिएका छन् ।

# जिराभवानीमा नेकाको पार्टी कार्यालय



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा क्षेत्र नम्बर ४ अन्तर्गत जिराभवानी गाउँपालिका–१ महादेवपट्टीमा नेपाली कांग्रेसको नयाँ पार्टी कार्यालय बुधबार उद्घाटन गरिएको छ ।
पार्टी कार्यालयको उद्घाटन मधेश प्रदेशका वन तथा वातावरण मन्त्री शंकर प्रसाद चौधरीले गरेका थिए ।
नेपाली कांग्रेस वडा इकाई अध्यक्ष शेख आजम गैसुदिनको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा जिराभवानी गाउँपालिकाकी उपप्रमुख रेखा चौधरी, पूर्व वडा अध्यक्ष शेख नुमान आजम, वडा नं. ५ का वडा अध्यक्ष दारा सिंह, गाउँपालिका कार्यसमितिका कोषाध्यक्ष सोमनाथ सापकोटा, वडा कार्यसमितिका सचिव सत्तुधन ओझैया, पालिका सदस्य ऋषि हजरा लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।
कार्यक्रममा स्थानीय बासिन्दाहरूको उल्लेखनीय सहभागिता देखिएको थियो । सो अवसरमा महादेवपट्टी निवासी जङ्गबहादुर महतोले अन्य पार्टी परित्याग गरी नेपाली कांग्रेसमा प्रवेश गरेको जानकारी गराइयो । उनले कांग्रेसको नीति र विचार आफूलाई आकर्षक लागेकै कारण पार्टीमा आबद्ध भएको प्रतिक्रिया व्यक्त गरे । उद्घाटन समारोहमा वक्ताहरूले पार्टी संगठनलाई अझ मजबुत बनाउँदै जनताको पक्षमा सक्रिय रूपमा काम गर्नुपर्नेमा जोड दिएका थिए ।

# पोखरियामा एमालेको क्षेत्रीय बैठक

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नम्बर–३ अन्तर्गत पोखरियामा बुधबार नेपाल कम्युनिष्ट पार्टी (एमाले) को क्षेत्रीय बैठक सफलतापूर्वक सम्पन्न भएको छ । बैठकमा सहभागी नेता तथा कार्यकर्ताहरूले आफ्नो आवश्यकता, समस्या र सुझावहरू प्रत्यक्ष रूपमा प्रस्तुत गर्ने अवसर पाएका थिए । कार्यक्रममा पर्सा क्षेत्र नम्बर–३ का प्रतिनिधिसभा उम्मेदवार रुपेश पाण्डेले सबैसँग संवाद गर्दै उनीहरूका धारणा र सुझावहरू संकलन गरेका थिए ।
उक्त बैठकको उद्देश्यबारे नेताप्र प्रभु हजराले जानकारी दिदै भने, 'आगामी निर्वाचनमा उम्मेदवार पाण्डेलाई विजयी बनाउने रणनीति तय गर्नका लागि यो क्षेत्रीय बैठक आयोजना गरिएको हो ।' बैठकमा संगठन सुदृढीकरण, कार्यकर्ता परिचालन र निर्वाचन अभियानलाई प्रभावकारी बनाउने विषयमा समेत व्यापक छलफल गरिएको थियो ।
बैठकमा सहभागी नेताहरू र कार्यकर्ताहरूले पार्टीको नीति, कार्यक्रम तथा उम्मेदवारको एजेण्डा जनतामाझ प्रभावकारी रूपमा पुर्‍याउने प्रतिबद्धता व्यक्त गरेका छन् । यस किसिमको प्रत्यक्ष संवाद र सहभागिताले एमालेको निर्वाचन तयारीलाई अझ सुदृढ बनाउने विश्वास व्यक्त गरिएको छ ।

# धोबिनीमा गाउँस्तरीय कार्यकर्ता भेला

**मधेशदृष्टि**
**वीरगंज ।**
धोबनी गाउँपालिकामा एमाले गाउँस्तरीय कार्यकर्ता भेला सम्पन्न, उम्मेदवार जालिम मियाँले जनतासँग प्रत्यक्ष संवाद गरे । पर्सा निर्वाचन क्षेत्र नम्बर–४ अन्तर्गत धोबनी गाउँपालिकामा नेकपा एमालेको गाउँस्तरीय कार्यकर्ता भेलासम्पन्न भएको छ ।
कार्यक्रममा स्थानीय जनताका समस्या, आवश्यकता र सुझावहरू प्रत्यक्ष रूपमा सुनिने अवसर रहेको थियो । सो अवसरमा उम्मेदवार जालिम मियाँले जनतासँग सक्रिय भेटघाट गर्दै उनीहरूको धारणा र मागहरू संकलन गरेका थिए ।
एक नेताका अनुसार, 'आगामी निर्वाचनमा उम्मेदवार मियाँलाई विजयी बनाउन उद्देश्यसहित गाउँस्तरीय कार्यकर्ता भेला आयोजना गरिएको हो ।' कार्यक्रममा सहभागी कार्यकर्ताहरूलाई एकजुट गर्दै संगठनलाई थप सुदृढ बनाउने विषयमा समेत व्यापक छलफल भएको थियो ।
भेलामा उपस्थित कार्यकर्ताहरूले पार्टीको नीति, कार्यक्रम तथा उम्मेदवारका प्रतिबद्धताबारे जनस्तरमा प्रभावकारी रूपमा पु¥याउने संकल्प व्यक्त गरेका छन् । यस प्रकारको प्रत्यक्ष संवादले एमालेको निर्वाचन तयारी र जनसंपर्कलाई अझ मजबुत बनाउने अपेक्षा गरिएको छ ।

# सर्राफको चुनावी अभियान घरदैलो र भेटघाट निरन्तर



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नम्बर–१ बाट जनमत पार्टीका उम्मेदवार ओमप्रकाश सरार्फले वीरगंजको वडा नम्बर–१५, भिस्वा र बाइपास क्षेत्रमा सक्रिय प्रचार प्रसार अभियान अन्तर्गत भेटघाट तथा घरदैलो कार्यक्रम सम्पन्न गरेका छन् ।
कार्यक्रममा बोल्दै सरार्फले भने, 'निकास र विकासको लागी जनमत पार्टी र हर्न छाप एकमात्र विकल्प हो । जेनजीको मागलाई जनमत पार्टी र यसको एजेण्डाले मात्र पूर्ण रूपमा सम्बोधन गर्न सक्छ ।' उनले थपे, 'मैले जेनजीको प्रतिनिधित्व गर्दै उम्मेदवारी दिएको हुँ । यसैले सम्पूर्ण मतदाताहरूलाई जनमत पार्टीमा गोलबन्द हुन अनुरोध गर्दछु ।'
सो अवसरमा कार्यक्रम स्थलमा सयौं स्थानीय नागरिकको उपस्थिती रहेको थियो । कार्यक्रममा नेताहरू बिध्यालाल प्रसाद, रम्भा मिश्रा, भुपेन्द्र साह, सिए देवराज, डा. मनोज कुमार, दिनानाथ साह, सहनवाज राकि, अजित सोह, मन्जय शर्मा, सुमित सिह लगायतले उम्मेदवार सरार्फको पक्षमा समर्थन व्यक्त गरे ।
उक्त भेटघाट कार्यक्रमले उम्मेदवार सरार्फको जनसम्पर्क र स्थानीय जनताको माझमा जनमत पार्टीको पहुँचलाई थप बलियो बनाउने अपेक्षा गरिएको छ ।

# नेकपा एमालेको चौथो पूर्ण बैठक

**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एमाले वीरगंज महानगर कमिटीको चौथो पूर्ण बैठक सम्पन्न भएको छ । बैठक महानगर कमिटीका कार्यबाहक अध्यक्ष लियाकत अलीको अध्यक्षता तथा नेकपा एमालेका केन्द्रीय सदस्य विजय कुमार सरावगीको प्रमुख आतिथ्यमा आयोजना गरिएको थियो ।
बैठक वीरगंज महानगर इन्चार्ज विचारी यादवको संयोजकत्वमा सञ्चालन भएको थियो । बैठकले आगामी निर्वाचनलाई लक्षित गर्दै संगठनलाई थप मजबुत बनाउने उद्देश्यसहित ५५१ सदस्यीय नेकपा एमाले वीरगंज महानगर निर्वाचन परिचालन समिति गठन गर्ने निर्णय गरेको छ ।
बैठकमा पार्टीको वर्तमान राजनीतिक अवस्था, निर्वाचन रणनीति, संगठन विस्तार तथा कार्यकर्ता परिचालनका विषयमा विस्तृत छलफल गरिएको थियो । कार्यक्रममा पर्सा निर्वाचन क्षेत्र नम्बर–१ का उम्मेदवार प्रदिप यादव, क्षेत्र नम्बर–२ का उम्मेदवार रिमा यादव, क्षेत्र नम्बर–३ का उम्मेदवार रुपेश पाण्डे, साथै नेकपा एमालेका विचारी यादव लगायत अन्य नेता र कार्यकर्ताहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।
सहभागी नेताहरूले आगामी निर्वाचनमा पार्टीलाई विजयी बनाउन एकताबद्ध भएर सक्रिय रूपमा लाग्नुपर्नेमा जोड दिएका थिए । बैठकले निर्वाचन परिचालन समिति गठनसहित अन्य आवश्यक संगठनात्मक र रणनीतिक निर्णयहरू समेत पारित गरेको छ ।
पार्टीले वीरगंज महानगर क्षेत्रमा निर्वाचन लक्षित गतिविधि अझ तीव्र बनाउने विश्वास व्यक्त गरेको छ, जसले आगामी निर्वाचनमा एमालेको तयारी र संगठनात्मक मजबुताइलाई स्पष्ट रूपमा देखाउने अपेक्षा गरिएको छ ।

# नवजात शिशु र आमालाई कपडा वितरण

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको नारायणी अस्पतालमा जेनजी युवा संगठनका अध्यक्ष राहुल गुप्ताको नेतृत्वमा नवजात शिशु तथा सुत्केरी आमालाई आवश्यक कपडा वितरण कार्यक्रम सम्पन्न भएको छ । स्वास्थ्य र सुविधामा सहयोग पु¥याउने उद्देश्यले आयोजना गरिएको उक्त कार्यक्रममा १ सय ३५ जना नवजात शिशु र उनीहरूको आमालाई कपडा वितरण गरिएको थियो ।
कार्यक्रममा मधेश प्रदेश उद्योग वाणिज्य संघका अध्यक्ष तथा पर्सा निर्वाचन क्षेत्र नम्बर–२ का जनता समाजवादी पार्टी (जसपा) नेपालका उम्मेदवार अशोक कुमार टेमानी प्रमुख अतिथि रहेका थिए । कार्यक्रममा सामाजिक अभियन्ता, युवाहरू र अस्पताल प्रशासनका प्रतिनिधिहरूको समेत उल्लेखनीय उपस्थिति रहेको थियो ।
कार्यक्रमलाई सम्बोधन गर्दै उम्मेदवार टेमानीले यस्ता मानवीय तथा सामाजिक पहलले समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने बताएका छन् । उनले नवजात शिशु र आमाको स्वास्थ्य सुरक्षामा सानो सहयोगले पनि ठूलो प्रभाव पार्ने बताउँदै यस्ता कार्यक्रमले आमाहरूको मनोबल बढाउने मात्र नभई समाजमा आपसी सहयोग, सद्भाव र मानवताको भावना पनि मजबुत बनाउने बताए ।
उनले सामाजिक उत्तरदायित्व केवल संस्थागत दायित्व नभई प्रत्येक सचेत नागरिकको कर्तव्य भएको बताए । आगामी दिनमा यस्ता पहललाई निरन्तरता दिनुपर्ने आवश्यकता रहेको औंल्याए । कार्यक्रमका संयोजक राहुल गुप्ताले समुदायको आवश्यकता बुझेर कार्यक्रम आयोजना गरिएको जानकारी दिँदै स्वास्थ्य, शिक्षा र सामाजिक सेवाका क्षेत्रमा आगामी दिनमा थप कार्यक्रम ल्याउने प्रतिबद्धता व्यक्त गरे ।
सामाजिक उत्तरदायित्वमा सहभागी भएकाहरूले यस पहलले नवजात शिशु र आमाको स्वास्थ्य सुरक्षामा मात्र सहयोग पु¥याएन, समाजमा सद्भाव, मानवता र आपसी सहयोगको महत्व उजागर गरेको प्रतिक्रिया दिए ।

सम्पादकीय

# दल मात्रै बदल्ने, मधेश नबदल्ने ?

मधेश प्रदेशको राजनीति अहिले एउटा गहिरो नैतिक संकटसँग जुधिरहेको छ। दल बदलेर उम्मेदवार हुने प्रवृत्ति सामान्य राजनीतिक रणनीति होइन, यो अवसरवादको खुला प्रदर्शन हो। एउटा पार्टीबाट राजनीति गरेर, त्यसैको नाम र संघर्षको भरमा चिनिएको नेता चुनावको मुखमा आएर अर्को 'ठूलो' पार्टीको ओत लाग्दै टिकट माग्छन्। यो क्रम दोहोरिइरहनु भनेको मधेशको राजनीति अझै पनि सिद्धान्तभन्दा सत्ताको गणितले चलिरहेको प्रमाण हो।

यस्ता नेताहरूको मनोविज्ञान स्पष्ट छ कि मतदाता स्मृतिहीन छन्, भावना बेचेर फेरि पनि जित्न सकिन्छ भन्ने भ्रम। पहिचान, अधिकार र विकासका कुरा भाषणमा दोहोर्याइन्छन्, तर व्यवहारमा सत्ता नजिक पुग्ने ढोका जहाँ खुल्छ, त्यतै दौडिन्छन्। मधेशका मुद्दा यिनका लागि प्रतिबद्धताको विषय होइन, बार्गेनिङ चिप बनेका छन्। तर प्रश्न उठ्छ, के मतदाताले यिनलाई अझै चिन्न बाँकी छ ? होइन। मधेशका मतदाता अब अन्धो छैनन्। उनीहरूले विगतमा कसले के बोले, कसले कहिले कसको झोला बोके भन्ने राम्ररी देखेका छन्।

समस्या चिन्न नसक्नु होइन, विकल्प कमजोर हुनु हो। यही कमजोरीलाई अवसरवादी नेताहरूले आफ्नो भ्रमको आधार बनाएका छन्। अब मधेशको राजनीतिले मोड लिनुपर्ने बेला आएको छ। दल बदल्नेहरूलाई 'राजनीतिक चलाख' होइन, 'विश्वासघाती'को रूपमा हेर्ने संस्कार बस्नुपर्छ। नत्र भने, अनुहार फेरिए पनि चरित्र नफेर्ने यो राजनीति मधेशलाई फेरि पनि उही चक्रमा घुमाइरहनेछ। मतदाताले यसपटक प्रश्न सोधेनन् भने, भोलि फेरि झुक्किएको गुनासो गर्ने नैतिक अधिकार पनि कमजोर हुँदै जानेछ।

# चुनावमा सवा १९ अर्ब रुपैयाँ सरकारी खर्च हुने अनुमान

फणीन्द्र दाहाल

सरकारले आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि निर्वाचन आयोगसहित तीन निकायलाई १९ अर्ब २१ करोड रुपैयाँ स्रोत सुनिश्चितता गरेको बताइरहँदा विज्ञहरूले अकासिँदै गएको चुनावी खर्च नेपालका लागि चुनौती बनिरहेको बताएका छन्।

अर्थ मन्त्रालयका प्रवक्ताले यस पटक गृह मन्त्रालयलाई १० अर्ब ४९ करोड, रक्षा मन्त्रालयलाई १ अर्ब ९९ करोड र निर्वाचन आयोगलाई ६ अर्ब ७२ करोड रुपैयाँ स्रोत सुनिश्चित गरिएको बताएका छन्।

अधिकारीहरूले यस पटक सबैभन्दा धेरै खर्च निर्वाचन सुरक्षामा हुन लागेको भन्दै ४ अर्ब रुपैयाँभन्दा बढी रकम मतदान र त्यससँग जोडिएका गतिविधिमा खर्च हुने बताएका छन्।

अघिल्लो पटक प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि निर्वाचन आयोगले ६ अर्ब ६७ करोड रुपैयाँ भन्दा बढी खर्च गरेको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख गरिएको छ। अघिल्लो पटकको चुनावमा सुरक्षामा लगभग साढे ११ अर्ब रुपैयाँ खर्च भएको थियो।

यसपालि चुनावमा उम्मेदवारहरूले खर्च गर्न पाउने सीमा जिल्ला अनुसार आयोगले २५ लाख रुपैयाँदेखि ३३ लाख रुपैयाँसम्म तोकेको छ।

चुनावी मैदानमा रहेका ३४०० उम्मेदवारहरूमध्ये धेरैले उक्त सीमामा खर्च नगर्ने भएपनि शक्ति र पहुँचका आधारमा कतिपय उम्मेदवारहरूले त्यो भन्दा धेरै गुणा रकम चुनावमा खर्च गर्ने गरेका विज्ञहरू बताउँछन्।

एक जना पूर्व प्रमुख निर्वाचन आयुक्तले समग्र चुनावी प्रक्रिया ज्यादै खर्चिलो भएको भन्दै नीतिगत सुधारहरू गरिनुपर्ने र सुरक्षा खर्च घटाउन राजनीतिक दलहरूले प्रमुख भूमिका खेल्नुपर्ने बताएका छन्।

कुन शीर्षकमा कति खर्च

भदौ २३ मा भएको जेन्जी आन्दोलन र त्यसको भोलीपल्ट भएका हिंसात्मक प्रदर्शनका कारण उत्पन्न राजनीतिक सङ्कटपछि नयाँ सरकार गठन र संसद् विघटन गरिएपछि पछिल्लो निर्वाचन हुन लागेको हो।

यस पटक निर्वाचनका लागि अर्थ मन्त्रालयले १९ अर्ब २१ करोड रुपैयाँ स्रोत सुनिश्चितता गरिएको जनाएको छ।

अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेय भन्छन्, 'यो सबै हामीले आन्तरिक स्रोतबाटै जुटाएका हौँ। नेपाल सरकारको बजेटबाट नै हामीले स्रोत सुनिश्चितता दिएका हौँ।'

निर्वाचन आयोगका लेखा अधिकृत विष्णुप्रसाद भुसालका अनुसार अधिकांश खर्च निर्वाचन सामाग्री र मतदाता शिक्षामा हुने गरेको छ।

उनले भने, 'करिब साढे ४ अर्ब रुपैयाँ मतदान र मतदान केन्द्रसँग सम्बन्धित कुरामा खर्च हुन्छ। त्यसमा ढुवानी, मतदान केन्द्रको निर्माण, कर्मचारीहरू खटनपटन लगायत सुरक्षाकर्मीको निश्चित खर्च पनि पर्छ।'

विगतका वर्षहरूमा जस्तै यसपटक पनि छुट्याइएको बजेटको सबैभन्दा ठूलो हिस्सा सुरक्षामा खर्च गरिदैँछ।

गृह मन्त्रालयका अनुसार सबैभन्दा धेरै खर्च झन्डै १ लाख ५० हजार निर्वाचन प्रहरीको भर्ना र परिचालनमा हुनेछ।

गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले प्रहरीका लागि ७ अर्ब १३ करोड र सशस्त्र प्रहरीका लागि ८० करोड ८४ लाख रुपैयाँ उपलब्ध गराउने निर्णय जानकारी दिए।

सञ्चार, इन्धन, गाडी भाडा लगायत विभिन्न शीर्षक अन्तर्गतका खर्च पनि गृहले आफूले प्राप्त गरेको स्रोतमार्फत नै गर्ने बताइएको छ।

चुनावमा नेपाली सेनाकातर्फबाट झन्डै ७७ हजार जनशक्ति खटिने अधिकारीहरूले बताएका छन्।

चुनावमा औपचारिक र अनौपचारिक खर्च

पूर्व प्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेल निर्वाचनका लागि हुने खर्चको ग्राफ सन् २०१७ मा उत्कर्षमा पुगेको र त्यसयता चुनावको खर्च केही घटेको बताउँछन्।

२०६२÷२०६३ को जनआन्दोलनपछि पहिलो संविधान सभा निर्वाचन गरिएको समयमा पोखरेल प्रमुख निर्वाचन आयुक्त थिए र त्यसबेला मतदाता नामावली सङ्कलनदेखि निर्वाचन कार्यक्रमहरू सम्पन्न गराउन २ अर्ब ८० करोड रुपैयाँ खर्च भएको आयोगले जनाएको छ।

उनले भने, 'त्यसबेला एक जना मतदाताको लागि करिब ४ डलर खर्च परेको थियो जुन आफैँमा महँगो थियो। त्यसबेला द्वन्द्वपछिको निर्वाचनमा औसतमा प्रति मतादाताका लागि २५ डलर औसत खर्च लाग्ने भनिएको थियो। हामीले सस्तोमा ग¥यौँ भनेर प्रतिवेदनहरूले भनेपनि त्यो भन्दा अघिका संसदीय निर्वाचनहरूभन्दा उक्त खर्च धेरै नै महँगो थियो।'

पोखरेलले त्यसयताका वर्षहरूमा चुनावमा हुने खर्च अति बढेको उल्लेख गर्दै निर्वाचन व्यवस्थापन, सुरक्षा र उम्मेदवारहरूले गर्ने खर्च सबै वृद्धि भएको जनाए।

उनी भन्छन्, 'मुलुकले धान्न नसकिने गरी निर्वाचन खर्चहरू माथि गइरहेको छ। सुरक्षामा असाध्यै ठूलो हाम्रो खर्च भइरहेको छ। निर्वाचनको सुरक्षा भनेको राजनीतिक दलले नै गर्ने हो। तर दलहरूले झगडा गरिदिने, आचारसंहिता भित्र नबस्दिने अनि जनताले तिरेको पैसाबाट उनीहरूको झगडा मिलाउनका लागि राज्यले लगानी गर्नुपर्ने पाटोलाई हामीले पुनरावलोकन गर्नुपर्ने देखिन्छ।'

उनले थपे, 'हाम्रो केन्द्रीकृत तरिकाबाट निर्वाचन भइरहेको छ। यसलाई कसरी विकेन्द्रिकृत गर्न सकिन्छ भन्नेमा हामीले काम गर्नसक्छौँ। कतिपय लोकतान्त्रिक मुलुकमा निर्वाचनको सञ्चालन, व्यवस्थापन र कर्मचारी खटाउने कामहरू राजनीतिक दल र स्थानीय सरकारहरूले नै गरिरहेको अवस्था छ। स्थानीय स्तरमा नै भएका जनशक्तिको प्रयोग गरेर हामी निर्वाचनमा गयौँ भने त्यसले यो खर्च घटाउनसक्छ।'

विगतका चुनावमा कति खर्च ?

सन् १९९१ को आम निर्वाचनमा उम्मेदवारहरूलाई ७५ हजार खर्च सीमा तय गरिएको थियो र करिब १ करोड १० लाख रुपैयाँ खर्च गरेर निर्वाचन आयोगले चुनाव सम्पन्न गराएको थियो।

महालेखा परीक्षकको कार्यालयको प्रतिवेदन अनुसार सन् २०२२ को निर्वाचनका लागि सरकारले निर्वाचन आयोगलाई झन्डै ८ अर्ब रुपैयाँ बजेट विनियोजन गरिदिएको थियो। त्यसमध्ये ६ अर्ब ६७ करोड रुपैयाँ खर्च भएको महालेखा परीक्षकको प्रतिवेदनमा जनाइएको छ।

उक्त निर्वाचनमा विगतको तुलनामा खर्च कम भएको भएपनि मौज्दातमा रहेका पुनः प्रयोग गर्न सकिने सामानहरू प्रयोग नगरिएका विक्रम सम्वत् २०८१ को महालेखा परीक्षकको प्रतिवेदनमा औंल्याइएको छ।

सन् २०१७ को प्रतिनिधिसभा निर्वाचनमा ७ अर्ब ८० करोड रुपियाँ खर्च भएको निर्वाचन आयोगको प्रतिवेदनमा उल्लेख गरिएको छ।

सन् २०१७ को प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा प्रति मतदान केन्द्र खर्च ३ लाख ९३ हजार भन्दा बढी र प्रतिमतदाता खर्च ५०६ रुपियाँ रहेको जनाएको थियो।

अघिल्लो पटकको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा प्रति मतदाता खर्च ३८० रुपियाँ रहेको र प्रति मतदान केन्द्र खर्च ३ लाख ३५ हजार रुपियाँ रहेको आयोगले बताउने गरेको छ।

सन् २०१७ र सन् २०२२ को आम निर्वाचनमा डेढदेखि दुई गुणाबढी रकमसम्म सुरक्षामा खर्च हुने गरेको अधिकारीहरू बताउँछन्।

पोखरेल जस्ता कतिपय विज्ञहरू चुनाव गराउन सरकारले गर्ने खर्चबाहेक अपारदर्शी रूपमा निर्वाचनका क्रममा कतिपय दल र उम्मेदवारहरूले गर्ने गरेका खर्च ठूलो चुनौती बनेको भन्दै दलहरूको वित्तीय सुधारबारे पनि ठोस निर्णय गरिनुपर्ने बताउँछन्।

पूर्व प्रमुख निर्वाचन आयुक्त पोखरेलले भने, 'जसरी भारतमा यति पैसा बरामद ग¥यौँ, सुन र रक्सी जफत ग¥यौँ भनेर त्यहाँको निर्वाचन आयोगले भन्छ, हामीले पनि यहाँ त्यस्तै किसिमको संयन्त्र बनायौँ भने चुनावी अभियानहरू चलायौँ भने केही निरुत्साहित गर्न सक्छौँ। मतदाता पनि शुद्ध हुनुप¥यो। कार्यकर्ताहरू दलको पकडमा नहुँदा पनि चुनाव खर्च बढी रहेको छ। निर्वाचनको समयमा कार्यकर्ताले नै उम्मेदवारसँग मोलतोल गर्ने गरेको पाइन्छ।'

यसपालि दातृ निकायबाट के के सहयोग आए ?

मतदाता शिक्षा कार्यक्रमको सञ्चालनका बाहेक कतिपय दातृ निकायले अघिल्ला पटकका निर्वाचनहरूमा पनि सुरक्षा निकायहरूलाई सवारी साधन र निर्वाचन आयोगलाई मत खसाल्ने बाकस, ल्यापटप जस्ता विभिन्न प्रकारका निर्वाचन सामग्री उपलब्ध गराएका थिए।

विगतका वर्षहरूमा अनुदानमा पाएका कतिपय सामाग्रीहरू आफूहरूले यस पटक निर्वाचनमा प्रयोग गरेका र कतिपय दातृ निकाय र मित्रराष्ट्रहरूले यसपालि पनि सहयोग उपलब्ध गराएका निर्वाचन आयोगका अधिकारीहरू बताउँछन्।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले गएको सेप्टेम्बरमा विगतमा नै खरिद गरिएका मतपेटिकाहरू यसपटकको निर्वाचनमा प्रयोग गर्ने लागिएको बीबीसीलाई बताएका थिए।

आगामी निर्वाचनका लागि ६५० वटा सवारी साधन उपलब्ध गराउने घोषणा भारत सरकारले गरेको छ।

गृह प्रवक्ता काफ्लेका अनुसार भारतले नेपाललाई निर्वाचनका लागि भन्दै १०६ वटा सवारी साधन उपलब्ध गराइसकेको छ। त्यसबाहेक २०९ वटा सवारी साधनहरूको भन्सार पासको प्रक्रिया अघि बढाइएको उनले उल्लेख गरे।

गाडीबाहेक भिड नियन्त्रणमा प्रयोग हुने गैर घातक किसिमका सामाग्रीहरू पनि भारतले नेपाललाई अनुदानका रूपमा दिएको छ।

बीबीसीसँग कुरा गर्दै निर्वाचन आयोगका सह प्रवक्ता कुलबहादुर जिसीले आयोगले दाताहरूबाट प्राप्त गरेका सामाग्रीहरूलाई निर्वाचनपछि पनि प्रयोग गर्न मिल्ने गरी मौज्दात राख्ने गरेको बताउँछन्।

उनले भने, 'केन्द्र, प्रदेश र जिल्ला तहका कार्यालयहरूमा पनि कतिपय त्यस्ता सामानहरू मौज्दात हुन्छन् र तिनीहरूलाई चाहिएको बेलामा हामी प्रयोग गर्छौं,' उनले थपे।

निर्वाचनको समयमा विभिन्न गैर सरकारी संस्था र दातृ निकायले पनि निर्वाचन लक्षित कार्यक्रम र चुनाव पर्यवेक्षण सम्बन्धी गतिविधिहरू सञ्चालन गर्ने गर्छन्। बीबीसी

# उम्मेदवारका फरक फरक प्रचार शैली: कतै प्रशंसा, कतै आलोचना



प्रकाश सिलवाल

'यो मान्छेले केही गर्ला जस्तो छ भन्ने लाग्छ छ भने मलाई भोट दिनुस्। के गर्ला जस्तो लागेन भने भोट नदिए पनि हुन्छ। म मलाई भोट दिनुस्, जितेपछि यसो गर्दिन्छु, उसो गर्दिन्छु भनेर लम्पसार चाहीँ पर्दिनँ। तर काम गर्न छोड्दिनँ,' आशन्न प्रतिनिधिसभा सदस्यका लागि म्याग्दीका स्वतन्त्र उम्मेदवार महावीर पुनले यस्तै प्रकारले मतदातामाझ आफूलाई प्रस्तुत गर्दै आउनुभएको छ। उहाँका यस्ता प्रस्तुति र शैलीहरू आफैले सामाजिक सञ्जालमा नियमित सम्प्रेषण गरिरहनुभएको छ।

पूर्वशिक्षा, विज्ञान तथा प्रविधिमन्त्री पुनले चुनाव प्रचारकै क्रममा कहिले सार्वजनिकस्थलमा पत्रकार सम्मेलन, कहिले नदीमा आफैँले माछा मार्दै गरेका दृष्य र कहिले हिमाली क्षेत्रको भिडियोहरू सार्वजनिक गर्दै आउनुभएको छ। त्यसो त, उहाँको उम्मेदवारी दर्ता नै अचानाक जस्तो भएको देखिएको थियो। चुनाव गराउने जिम्मेवारीमा रहेको सरकारका मन्त्रीबाट राजीनामा दिएर चुनावमा प्रतिस्पर्धी भएको विषयमा उहाँमाथि आलोचना भयो। 'शिक्षा सुधारका लागि तयार गरिएका अध्यादेशहरू' ल्याउन नसकेकाले मन्त्रीबाट हटेको बताउने पुनले सरकारबाट भागेको भन्ने आलोचनालाई स्वीकार्दै आफू मैदानमा रहेको जनाउँदै आउनुभएको छ। पुनले मतदातासँग पुगेर आफ्नो पुस्तक बेचेको विषयमा निर्वाचन आयोगका उजुरी परेपछि उहाँले त्यो कामलाई स्थगन गर्नुभएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीका नुवाकोट क्षेत्र नं. २ का उम्मेदवार अच्युत लामिछानेले मतदाताको पुगेर खुट्टामै ढोगेको र मतदाताले खुट्टा हटाउन खोज्दा लामिछानेको निधार भुइँमै परेको दृष्य सार्वजकि भयो। मतदातासमक्ष विनयी र नजिक हुनु उम्मेदवारको परिचय असल परिचय हो तर बढी भयो कि भन्ने टिप्पणीहरू पनि आए। उम्मेदवार लामिछानेले 'नेपालीको असल संस्कारलाई कायम राख्न' त्यसरी प्रस्तुत भएको प्रतिक्रिया दिनुभयो।

नेपाल कांग्रेसका बझाङका उम्मेदवार प्रकाश रसाइली स्नेहीले चुनावी यात्राका क्रममा बझाङको माटो टेकेपछि भुइँमा ढोगेर जिल्लाको ममता प्रदर्शन गर्नुभएको छ। नेपाल कम्युनिष्ट पार्टी (एमाले) का रामेछापका उम्मेदवार माधव ढुङ्गेलले मतदाताको घरमा पुगेर मोही पार्दै गरेको दृष्य चर्चामा आएको छ। आमजनता पार्टीबाट रौताहट क्षेत्र नं ४ का उम्मेदवार ऋषि धमलाले मतदातामाझ पुगेर उखु बोकेको, जेरी पकाएको र ट्याक्टरमा बसेर बोलेका दृष्य सार्वजनिक भए।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा राष्ट्रिय र नियमित चासोका रूपमा हेरिएका उम्मेदवारहरू झापा क्षेत्र नं ५ का एमाले अध्यक्ष केपी शर्मा ओली र रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह तथा सर्लाही क्षेत्र नं ४ उम्मेदवार नेपाली कांग्रेसका सभापति गगनकुमार थापा र रास्वपाका डा अमरेश सिंहका राजनीतिक गतिविधि आमरूपमा स्थान पाएका छन्।

रुकुमपूर्वमा उम्मेदवार रहनुभएका नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' पहिलो चरणमा जिल्ला घुमेर हाल काठमाडौँमा रहनुभएको छ। एमाले अध्यक्ष ओली झापाको करिब एक साता बसेर हाल भक्तपुरमा हुनुहुन्छ भने नेता बालेन पूर्वी पहाडी जिल्लाबाट फर्किएर अहिले सुदुरपश्चिमका पहाडी जिल्लामा पुग्नुभएको छ।

निर्वाचनकै क्रममा बाँके क्षेत्र नं. ३ का उम्मेदवार रहेका रास्वपका खगेन्द्र सुनारको धार्मिक संवेदनशीलतासम्बन्धी पुरानो अभिव्यक्तिलाई अहिले विवादमा ल्याइएको छ। उम्मेदवार सुनाले आफूले त्यसरूपमा नबोलेको प्रतिक्रिया दिए उहाँमाथि हिन्दू धर्ममा आस्था राख्नेहरूले आलोचना गर्न थालेका छन्।

प्रचार शेली आआफ्नै देखिए निर्वाचनका लागि यही माघ ६ गते भएको उम्मेदवारीको मनोनयनपत्र दर्तायता राजनीतिक दल र उम्मेदवारले निर्वाचन आचारसंहिता, २०८२ को गम्भीर उल्लङ्घन गरेको भने पाइएको छ। निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार यसबीचमा १५ व्यक्ति र संस्थालाई आचारसंहिता उल्लङ्घनका विषयमा स्पष्टिकरण सोधिएको र आचारसंहिता अनुगमनका लागि संयन्त्र बनाएको बताउनुभयो।

आयोगले निर्वाचनलाई स्वच्छ, निष्पक्ष पारदर्शी एवं विश्वासनीय तुल्याउन जिल्लास्तरमा आचारसंहिता अनुमगनलाई प्रभावकारी बनाउने निर्णय गरेको छ। यसका लागि जिल्लाहरूमा सहायक प्रमुख जिल्ला अधिकारीलाई आचारसंहिता अनुगमन अधिकृत तोकेको छ। सहायक प्रमुख जिल्ला अधिकारीलाई आर्थिक बाहेकका अन्य विषयको जिम्मेवारी दिइएको छ। प्रमुख कोष नियन्त्रक, कोष नियन्त्रकहरूलाई आर्थिक विषयसँग सम्बन्धित विषयमा फरकफरक कार्य गर्ने जिम्मेवारीसहित निर्वाचन आचारसंहिता अनुगमन अधिकृत तोकिएको छ। तोकिएका आचारसंहिता अनुगमन अधिकृतले राजनीतिक दल, उम्मेदवार र विभिन्न पक्षबाट हुन सक्ने उल्लङ्घका विषयलाई जानकारीमा राखी कारबाहीका लागि सिफारिस गर्न सक्नेछ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# घोषणापत्रमा नागरिकको आवाज समेटिनुपर्छः नागरिक समाज



**काठमाडौँ।**
नागरिक समाजहरुका अगुवाहरुले आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि राजनीतिक दलहरुको घोषणापत्रमा नागरिकको आवाज समेटिनुपर्ने माग गरेका छन् । बुधबार आयोजित पत्रकार सम्मेलनमा विभिन्न १६ नागरिक सङ्घसंस्थाका प्रतिनिधिले घोषणा पत्रमा समावेश गर्नुपर्ने १३ बुँदे विविध विषयसहितको सुझाव सार्वजनिक गरेका हुन्।

गैरसरकारी संस्था महासङ्घ नेपालका अध्यक्ष अर्जुन भट्टराईले गैरसरकारी संस्था महासङ्घको संयोजनमा नागरिक समाजका सङ्गठनहरू, सञ्जालहरू, अभियानहरू, अभियन्ताहरू तथा विभिन्न सरोकारवालाहरूको साझा आवाजका रूपमा यो नागरिक अपिल पत्र २०८२ सार्वजनिक गरी राजनीतिक दलहरूलाई हस्तान्तरण गर्न लागिएको उल्लेख गरे।

उनले अपिल पत्रमार्फत नागरिक समाजले राजनीतिक दलहरूलाई आगामी प्रतिनिधिसभा निर्वाचन २०८२ का घोषणापत्रहरूमा नागरिकको जीवन, अधिकार र भविष्यसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरूलाई स्पष्ट, प्रतिबद्धतामूलक र कार्यान्वयनयोग्य रूपमा समेट्न आग्रह गर्ने बताए। उनका अनुसार देशभरि भ्रमण गरेर जनताको भावना र अवस्था बुझेर सुझाव सङ्कलन गरिएकोसमेत जानकारी दिए। उनले १६ संस्थाहरुले मिलेर दलहरुलाई २४ पृष्ठ लामो सुझाव दिन लागेको प्रष्ट पारे । यसरी सुझाव दिने संस्थाहरुमा गैरसरकारी संस्था महासङ्घ नेपाल, नेपाल पत्रकार महासङ्घ, सामुदायिक रेडियो प्रचारक सङ्घ, दलित गैरसरकारी संस्था महासङ्घ, राष्ट्रिय अपाङ्ग महासङ्घ, बियोन्ड बेइजिङ कमिटी, जल तथा सिँचाइ उपभोक्ता महासङ्घ, सामुदायिक विद्युत् महासङ्घ, खानेपानी तथा सरसफाइ उपभोक्ता महासङ्घ, राष्ट्रिय आदिवासी जनजाति महिला महासङ्घ नेपाल, उपभोक्ता हित संरक्षण मञ्च, युवा संस्था सञ्जाल, यौनिक तथा लैङ्गिक अल्पसंख्यक महासङ्घ, नेत्रहीन सङ्घ नेपाल र महिला मानवअधिकार रक्षक राष्ट्रिय सञ्जालले संयुक्त रुपमा राजनीतिक दलहरुलाई नागरिक अपिलसहित सुझाव सार्वजनिक गरेका हुन् । भदौ २३ र २४ गते सम्पन्न जेनजी विद्रोहले उजागर गरेका नागरिक असन्तुष्टि र मागहरूको पृष्ठभूमिमा, आगामी फागुन २१ गते सम्पन्न हुन गइरहेको प्रतिनिधिसभा निर्वाचन २०८२ केवल नियमित निर्वाचन मात्र नभई लोकतन्त्रको दिशानिर्देश गर्ने ऐतिहासिक मोड रहेको सुझावमा उल्लेख छ।

गैरसरकारी संस्था महासङ्घका नेपालका अध्यक्ष भट्टराईले भने, 'विसं २०७२ मा जारी नेपालको संविधानले नागरिकलाई प्रत्याभूत गरेका मौलिक हक, समावेशी लोकतन्त्र, सामाजिक न्याय, समानता, सुशासन र समृद्धिको आकांक्षा अझै पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन ।' उनले आफ्ना सुझावहरु दलहरुलाई हस्तान्तरण गर्ने पनि जानकारी दिए।

अध्यक्ष अध्यक्ष भट्टराईले भने, 'लोकतन्त्रको सवलीकरण, प्रशासनिक पुनःसंरचना, सिभिक स्पेसको सुनिश्चितता, मानवअधिकारको संरक्षण, सुशासन तथा भ्रष्टाचार नियन्त्रण, सङ्घीयताको प्रभावकारी कार्यान्वयन, आर्थिक वृद्धि, कृषिको औद्योगिकीकरण र व्यवसायीकरण, वातावरण संरक्षण, जलवायु न्याय, विपद् जोखिम व्यवस्थापन तथा सबै प्रकारका असमानता र विभेदको अन्त्यजस्ता विषयहरू अब राजनीतिक घोषणापत्रका ऐच्छिक 'एजेन्डा' नभई अनिवार्य दायित्व हुन्।' रासस

# सहकारीलाई थप नियमन गर्नुपर्छः मन्त्री



**काठमाडौँ।**
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रा. डा. कुमार इङ्नामले नेपाल राष्ट्र बैंकले बैंकहरुलाई नियमन गरेजस्तै राष्ट्रिय सहकारी नियमन प्राधिकरणले पनि सहकारीको नियमन गनुपर्ने आवश्यकता औल्याएका छन्।

राष्ट्रिय सहकारी नियमन प्राधिकरणको प्रथम वार्षिकोत्सवको अवसरमा प्राधिकरणले बुधबार आयोजित कार्यक्रममा उनले बैंकहरुको कार्यक्षेत्रजस्तै हुनेगरी सहकारीहरु सञ्चालन हुन थालेपछि सहकारीमा समस्या आएको हो भन्दै राजकीय हैसियतमा भएका व्यक्तिहरुले नागरिकप्रति जिम्मेवार भएर काम गर्नुपर्नेमा जोड दिए।

'अन्धाधुन्ध बचत सङ्कलन गर्न थालेपछि सहकारीमा समस्या आएको हो, वाणिज्य बैंकको अधिकृत पुँजीभन्दा बढी एउटा सहकारीले बचत सङ्कलन गर्दा त्यतिकै छोड्नु हुँदैनथ्यो, तत्कालीन सरकारले ध्यान दिनुपथ्र्यो, अहिले करोडौँ बचतकर्ता सडकमा आउनुपर्ने अवस्था हुँदैनथ्यो, तसर्थ राज्यको मातहतमा रहेका सबैको जिम्मेवारी राज्यले लिनुपर्छ, नेपालको अर्थतन्त्र चलायमान बनाउन सहकारीको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ', मन्त्री इङ्नामले भने।

उनले सहकारीका बचतकर्ता मात्रै हैन ऋणीहरु पनि पीडित हुन पुगेका छन् भन्दै समस्याग्रस्त सहकारीका ऋणीले पैसा तिर्दा पनि रेकर्डमा नभेटिने अवस्था हुनु ठूलो समस्या भएको बताए । 'विगतमा नियमन गर्ने निकाय गैरजिम्मेवार हुँदा सहकारीमा समस्या आएको हो, नियमक निकायको रुपमा प्राधिकरणले अहिले गरेको कामले सानो समूहलाई मात्रै समेटेको छ, २३ वटा समस्याग्रस्त सहकारीको रु ४५ अर्ब दायित्व र रु ३० अर्ब सम्पत्ति रहेको अवस्थामा समस्या समाधानमा जटिल बनेको छ, जुन गतिमा समस्याग्रस्त सहकारीले काम गरेको छ, त्यसले समाधान हुँदैन', उनले भने । उनले सहकारी बिगार्ने सहकारीका सञ्चालकभन्दा विगतका राज्यका नियमाक निकाय जिम्मेवार छन् भने।

'राम्रा सहकारीहरु स्वनियमनका कारण समस्यामा नपरेका पनि होलान्, सहकारी खोलेर पैसा जम्मा गर्ने र कम्पनीमा लगानी गर्ने गैरकानुनी कार्य सहकारीको नियमन गर्ने निकायले नजरअन्दाज गरेर बस्नुहुँदै', उनले भने । सहकारी नियमन प्राधिकरणको कार्यक्षमता अभिवृद्धिका लागि राज्यले थप जनशक्तिको व्यवस्था गर्नुपर्नेमा जोड दिँदै सहकारीको प्रभावकारी नियमन गर्दै राज्यको अर्थतन्त्रलाई लयमा ल्याउन योगदान दिनुपर्ने धारणा राखे।

पूर्वमन्त्री एवं राष्ट्रिय सहकारी महासङ्घका पूर्वअध्यक्ष केशव बडालले सहकारी ऐन २०४८ निर्माण भएदेखि नै संविधान निर्माणसम्म आफू सहभागी भएर सहकारी अभियानका लागि काम गरेको बताउँदै अहिले सहकारीका मूल्यमान्यता पालन नगर्ने करिब २०० वटा सहकारी संस्थामा समस्या देखा परेको बताए । उनले राज्य र सहकारी अभियानका बीचमा समन्वय र सहकार्य गराउन प्राधिकरणले सहकारीको मूल्य, मान्यता, दर्शन र सिद्धान्तअनुसार काम गर्नुपर्नेमा जोड दिए।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव मदन भुजेलले राष्ट्र बैंकसँगको समन्वयमा क्रियाशील हुने सहकारी नियमन प्राधिकरण सशक्त र सक्षम हुनुपर्छ भन्दै बचत तथा ऋणको कारोबार गर्ने सहकारीहरु सचेत हुने वातावरण तयार गर्नुपर्नेमा जोड दिए । उनले सहकारी अभियानको सहयोग र समन्वय बिना प्राधिकरणलाई काम गर्न कठिनाइ हुने धारणा राखे।

राष्ट्रिय सहकारी नियमन प्राधिकरणका अध्यक्ष डाक्टर खगराज शर्माले सहकारी ऐनलाई संशोधन गरेर स्थापना गरिएको प्राधिकरणले नीतिगत व्यवस्था गर्दै सहकारीको दिगो विकास, पारदर्शी नियमन र नागरिकको विश्वास निर्माणका लागि आफ्नो रणनीति प्रस्ट पार्दै स्रोत परिचालन, प्रविधिको प्रयोगलाई जोड दिँदै अगाडि बढिरहेको बताए । उनले हालसम्म तीन हजार १६० वटा सहकारी संस्था दर्ता प्रक्रियामा रहेको बताउँदै २६० वटा प्रमाणपत्र जारी गरेको जानकारी गराए। नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद बरालले प्राधिकरण नेपालको अर्थतन्त्रको संवाहकको रुपमा रहेको सहकारी संस्थाहरुको नियमनका लागि सकारात्मक लयमा ल्याउनका लागि स्थापना भएको बताए । उनले नेपालमा बैंकहरुको सुरुआत हुनुभन्दा अगाडिदेखि सहकारीको इतिहास, रहेको भन्दै वित्तीय परिचालनमा सहकारीले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताए। बचत तथा ऋण सहकारीहरुले बैंकहरुले जस्तो वित्तीय मध्यस्थता गरेको, कमजोर सुशास र गैरसदस्य कारोवारमा ध्यान दिएका कारण समस्या सृजना भएको बताए। उनले बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थालाई ध्यान दिएर उचित नियमन गर्नुपर्नेमा जोड दिए।

राष्ट्रिय सहकारी महासङ्घका उपाध्यक्ष खेमबहादुर पाठकले प्राधिकरणलाई सहकारी सङ्घसंस्था नियमनका लागि स्रोत, साधन र जनशक्तिको अभाव भएको भन्दै सरकारले यसलाई व्यवस्थित बनाउन ध्यान दिनुपर्नेमा जोड दिए। उनले सहकारी विभाग र प्राधिकरणले धेरै निर्देशन मात्रै जारी गर्नेभन्दा पनि कामकाजी बनाउने गरी ध्यान दिनुपर्नेमा जोड दिए।

प्राधिकरणका पूर्वअध्यक्ष एवं नेपाल सरकारका पूर्वसचिव अर्जुनप्रसाद पोखरेलले जनताको सुरक्षा गर्ने जिम्मेवारी सरकारको भएको बताउँदै सहकारी क्षेत्रमा देखिएका समस्या समाधानका लागि सरकारले ध्यान दिनुपर्नेमा जोड दिए । प्राधिकरणले विश्वको वास्तविकता र नेपालको अर्थतन्त्रको यथार्थतालाई ध्यान दिएर जनताको बचतको सुरक्षित गर्ने र फिर्ता गर्ने पद्धतिलाई जोड दिँदै सहकारी क्षेत्रको विश्वास कायम गर्न लाग्नुपर्ने बताए । प्राधिकरणका कार्यकारी निर्देशक डाक्टर पुष्पराज शाहीले सहकारी सञ्चालन सम्बन्धमा कार्यविधिहरु, आतङ्कवाद र सम्पत्ति शुद्धीकरणसम्बन्धी मापदण्डहरु जारी गरेको जानकारी गराए । विश्वभर सहकारीले रोजगारीमा १० प्रतिशत योगदान पु¥याएको र नेपालमा सहकारीले जिडिपीमा चार प्रतिशत योगदान पु¥याएको बताउँदै यसको व्यवस्था र नियमनका लागि सरकारले प्रभावकारी व्यवस्था गर्नुपर्नेमा जोड दिए। कार्यक्रममा राष्ट्रिय सहकारी नियमन प्राधिकरणका पूर्वअध्यक्ष अर्जुनप्रसाद पोखरेल, केदारनाथ शर्मा, राष्ट्रिय सहकारी विकास बोर्डका पूर्वसहअध्यक्ष मित्रराज दवाडी र प्राधिकरणका पूर्वसदस्य मदन कोइरालालाई सम्मान गरिएको थियो। रासस

# मन्त्री चुनावमा उत्रिएको भन्दै आलोचना



**काठमाडौँ।**
राष्ट्रिय सभाको बुधबारको बैठकमा सदस्यहरूले अन्तरिम सरकारमा कतिपय मन्त्री चुनावी मैदानमा होमिएका भन्दै टिप्पणी गरेका छन् । बैठकमा विशेष समयमा सांसदहरूले वर्तमान अन्तरिम सरकारका चार जना मन्त्रीले जिम्मेवारी छाडेर प्रतिनिधिसभा सदस्यको निर्वाचनमा उम्मेदवारी दिएको विषयमा असन्तुष्टि जनाएका हुन्। उनीहरुले गत २३ र २४ भदौमा भएको जेन्जी आन्दोलनपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा बनेको मन्त्रिपरिषद्का चार जना मन्त्रीले राजीनामा दिई निर्वाचनमा उम्मेदवार दिइसकेका छन् । यसले सरकारको नैतिकतामाथि प्रश्न उठ्नसक्ने भन्दै असन्तुष्टि जनाए। सांसद नारायणदत्त भट्टले नागरिक सरकार गठन हुँदाको विश्वासअनुसार कार्यसम्पादन हुनुपर्नेमा त्यसो हुन नसकेको धारणा राखे। नागरिक सरकारमा बसेरै निर्वाचनको उम्मेदवार बन्नु आपत्तिजनक भएको भन्दै उनले सत्ताका लागि मात्रै राजनीति गर्ने प्रवृत्तिको आलोचना गरे।

सांसद विष्णुकुमारी सापकोटाले जेनजी आन्दोलनका सहिदहरूको स्मरण गर्दै शान्तिसुरक्षामा सुरक्षा निकायको भूमिका थप प्रभावकारी हुनुपर्नेमा जोड दिए । निर्वाचन घोषणा भएपछि नैतिक जिम्मेवारीबाट पन्छिँदै मन्त्रीहरूले राजीनामा दिई दलका झण्डा बोकेर चुनावी मैदानमा जानु अनुचित भएको उनको भनाइ छ।

सांसद सुमित्रा बिसीले छ महिनाभित्र चुनाव गराउने प्रतिबद्धतासहित आएको सरकारले बीचमा जिम्मेवारी छाड्नु गैरजिम्मेवारीपूर्ण भएको धारणा राखिन् । उनले मन्त्रीहरूले सम्पत्ति विवरण सार्वजनिक नगरेको विषयमा पनि सरकारको ध्यानाकर्षण गराइन्।

सांसद श्रीकृष्णप्रसाद अधिकारीले आगामी निर्वाचनलाई निष्पक्ष, धाँधलीरहित र शान्तिपूर्ण बनाउन सरकारसँग आग्रह गरे । सांसद मायाप्रसाद शर्माले प्रतिनिधिसभा सदस्य निर्वाचनलाई धाँधलीरहित, शान्तिपूर्ण र निष्पक्ष बनाउन जोड दिइन् । उनले सरकारले राष्ट्रिय गौरवका आयोजनाका बजेट रोक्का गर्न नहुने धारणा राखिन्। उनले संसद् विघटनपछि सभा सञ्चालनका लागि पहल गरेकामा सभाध्यक्षप्रति आभार पनि व्यक्त गरिन्।

सांसद भुवनबहादुर सुनारले संसद्ले बनाएको बजेट सरकारले रोक्न नहुने धारणा राखे। वर्तमान सरकार सुशासन र भ्रष्टाचार नियन्त्रणमा केन्द्रित हुनुपर्नेमा जोड दिए। रासस

# अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) विधेयक समितिमा



**काठमाडौँ।**
राष्ट्रिय सभाको बुधबारको बैठकले 'अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) विधेयक, २०८१ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्' भन्ने प्रस्ताव सर्वसम्मतिले पारित गरेको छ । राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले बैठकमा उक्त विधेयक विधायन व्यवस्थापन समितिमा दफावार छलफलका लागि पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए । बैठकले सर्वसम्मत रूपमा दफावार छलफलका लागि समितिमा पठाउने निर्णय गरेको हो।

बैठकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अनिलकुमार सिन्हाले सो विधेयकलाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए । साथै विकास, आर्थिक मामिला तथा सुशासन समितिका सभापति कमला पन्तले 'विकास, आर्थिक मामिला तथा सुशासन समितिको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन' सभासमक्ष पेस गरे।

सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका सभापति मायाप्रसाद शर्माले 'सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन' सभासमक्ष पेस गरे। राष्ट्रियसभाको अर्को बैठक यही माघ १९ गते सोमबार १:१५ बस्नेछ। रासस

# विभिन्न समिति बनाउन सबै तहलाई काँग्रेसको निर्देशन



**काठमाडौँ।**
नेपाली कांग्रेसले आगामी फागुनमा हुने निर्वाचनमा पार्टीलाई विजय गराउने उद्देश्यले सञ्चालन गरिने अभियानका लागि पार्टीका सबै तहमा तत्काल विभिन्न समिति र संरचना गठन गर्न÷गराउन निर्देशन जारी गरेको छ । कांग्रेसले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा पार्टीपङ्क्तिलाई व्यवस्थित रूपले परिचालित गर्न आवश्यक समिति गठनका लागि आज सबै प्रदेश कार्यसमिति, जिल्ला कार्यसमिति र प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिलाई पत्राचार गरिएको पार्टी कार्यालयले जनाएको छ।

कांग्रेस उपसभापति एवं संयोजक तथा केन्द्रीय निर्वाचन परिचालन समितिका संयोजक विश्वप्रकाश शर्माले विज्ञप्तिमार्फत निर्वाचन व्यवस्थापन सचिवालय, निर्वाचन परिचालन मूल समिति, निर्वाचन प्रचारप्रसार मूल समिति र १८ देखि ३० वर्ष मुनिका युवालाई सहभागी बनाउने विशेष अभियान सञ्चालन गर्ने उद्देश्यसहित समिति गठन गर्न निर्देशन दिएका छन्।

उनले स्थानीय तह समन्वय, वौद्धिक क्षेत्र समन्वय, धार्मिक सङ्घसंस्था समन्वय, निजी क्षेत्र समन्वय, पूर्वआप्रवासी समन्वय, स्थानीय प्रशासन समन्वय र अनुगमन समिति गठन गरी केन्द्रीय कार्यालयमा विवरण पठाउन आग्रह गरेका हुन् । रासस

# प्रधानमन्त्रीसँग नर्वेली राजदूतको भेट



**काठमाडौँ।**
प्रधानमन्त्री सुशीला कार्कीसँग नर्वेली राजदूत ड्याग्नी मियोसले बुधबार शिष्टाचार भेट गरेकी छिन् । सिंहदबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको भेटमा प्रधानमन्त्री र राजदूतबीच दुईपक्षीय आपसी हितका विषयमा कुराकानी भएको थियो।

भेटमा प्रधानमन्त्री कार्कीले असामान्य परिस्थितिमा आफू सरकारमा आउनुपरेको जनाउँदै अब विस्तारै मुलुक सामान्य अवस्थामा फर्किँदै चुनावमा होमिएको बताइन्।

उनले नर्वेसहित अन्तर्राष्ट्रिय समुदायबाट प्राप्त विश्वास र समर्थनका लागि धन्यवाद ज्ञापन गर्नुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

त्यस अवसरमा राजदूत मियोसले नेपालका प्रथम महिला प्रधानमन्त्रीका रूपमा कार्कीलाई पाउँदा खुसी व्यक्त गर्दै उनको नेतृत्वमा आगामी निर्वाचन निर्वाध सम्पन्न हुने विश्वास व्यक्त गरिन् । साथै नेपालको शान्ति प्रक्रिया, संविधान निर्माण, जलवायु, दिगो विकासलगायत क्षेत्रमा नर्वेले सघाउँदै आएको स्मरण गराउँदै उनले आगामी दिनमा पनि निरन्तर रहने विश्वास व्यक्त गरिन्। रासस

# राष्ट्रियसभा सदस्य निर्वाचनको प्रतिवेदन पेश

**काठमाडौँ।**
राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष यही माघ ११ गते सम्पन्न राष्ट्रियसभा सदस्य निर्वाचनको प्रतिवेदन पेस भएको छ । राष्ट्रपति भवन शीतल निवासमा बुधबार आयोजित कार्यक्रममा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले सो प्रतिवेदन पेस गरेका हुन्।

सो अवसरमा आयोगका आयुक्तद्वय सगुनशमशेर जबरा र डा. जानकीकुमारी तुलाधर, सचिव कृष्णबहादुर राउतलगायत उच्च अधिकारीहरुको सहभागिता रहेको थियो। रासस

# चुँदारा समुदायको पेसा सङ्कटमा



**गुल्मी ।** पछिल्लो समय गुल्मीमा काठका भाँडा बनाउँदै आएका चुँदारा समुदायको पेसा सङ्कटमा पर्दै जान थालेको छ । चुँदारा समुदायले परम्परागत रूपमा काठबाट कुँदेका सामग्री बिक्री गरेर आफ्नो जीविकोपार्जन गर्दै आएका थिए । आजभोलि प्रविधिको विकाससँगै बजारमा आधुनिक प्रविधिबाट निर्मित प्लास्टिकका भाँडाहरू भित्रिएसँगै आफ्नो पेसा सङ्कटमा परेको मालिका गाउँपालिका–७ घमिरका नरबहादुर कार्कीले बताए ।

आधुनिक प्रविधिसँगै स्थानीय बजारमा सुपथ मूल्यमा आकर्षक देखिने आधुनिक किसिमका भाँडाकुँडाहरू प्रयोगमा आउन थालेपछि चुँदारा समुदायको पुख्र्यौली पेसा सङ्कटमा पर्न थालेको कार्कीले बताए । ग्रामीण क्षेत्रमा गिठीको काठबाट निर्माण गरिएका ठेका, आरी जस्ता भाँडाहरू दही र मही राख्नका लागि प्रयोग गरिन्छ । काठका भाँडामा राखेको दही र मही चाँडो नबिग्रिनेहुँदा खानको लागि निकै स्वादिलो र राम्रो मानिन्छ ।

पछिल्लो समयमा बिस्तारै गाउँघरमा काठबाट निर्मित सामग्रीहरू बिस्तारै लोप हुँदै जान थालेको मुसिकोट नगरपालिका–२ का ज्ञानबहादुर नेपाली बताउँछन् । नयाँ पुस्ताहरू विस्तारै गाउँ छोडेर सहर झर्ने, विदेश जाने र पुराना पुस्ताहरू विस्तारै उमेरसँगै सकिदै जान थालेपछि यस्तो समस्या आएको उनले बताए । परम्परागत पेसा र पुराना सामग्रीहरूको संरक्षण गर्नका लागि स्थानीय पालीकाहरूले खासै चासो देखाएका छैनन् । पालिकाले प्रस्तुत गर्ने वार्षिक नीति तथा कार्यक्रम र बजेटमा खासै प्राथमिकता नदिएको चुँदारा समुदायको गुनासो छ ।

परम्परागत पेसाको संरक्षण र त्यसको बजारीकरणमा खासै चासो नदिँदा गाउँघरमा विस्तारै काठका भाँडाहरू लोप हुँदै जान थालेका हुन । बजारमा पाइने फ्लाष्टिकबाट निर्मित भाँडाहरू झट्ट देख्दा आकर्षक र राम्रा र चिटिक्क देखिने र मूल्य पनि काठका भाँडाको तुलनामा सस्तो पर्ने भएका कारण पनि यस्तो समस्या आएको गुल्मी उद्योग सङ्घका वरिष्ठ उपाध्यक्ष जनक पन्तले बताए । यस्ता प्रकारका परम्परागत सामग्री र वस्तुहरूको संरक्षण, संवद्र्धन एवं प्रवद्र्धनका लागि पालिकाहरूले थप सहयोग पु¥याउनुपर्नेमा उनले जोड दिए ।

परम्परागत शैलीबाट निर्माण हुने सामग्रीहरूको उत्पादन गर्न समय धेरै लाग्ने र अलि खर्चिलो हुने बताइएको छ । परम्परागत रूपमा उक्त पेसा गर्दै आएका व्यवसायीहरूले पछिल्लो समयमा काठका भाँडा बनाउने पेसाबाट आफ्नो गुजारा चलाउन समेत गाह्रो भएको बताउँछन् । आफूले निर्माण गरेका सामग्री बिक्रीका लागि बोकेर गाउँगाउँमा डुलाउँदा कहिलेकाही बिक्री नहुँदा त्यत्तिकै फर्कनु परेको छत्रकोट गाउँपालिका–१ हुँगाका यमन सुनारले गुनासो गरे ।

काठबाट निर्मित भाँडाको महत्वको बारेमा जानकारी नभएका कारण पछिल्लो समयमा चुँदारा समुदायको पेसा सङ्कटमा परेको हो । गाउँघरमा गिठीको काठबाट निर्माण गरिएका ठेकाको मूल्य बजारमा आकारअनुसार रु ७०० देखि रु सात हजारसम्म पर्ने गर्दछ । जिल्लामा पछिल्लो समयमा आयोजना गरिने मेला महोत्सवलगायत सहकारी पसल र कोसेली घरमा भने फाट्टाफुट्ट रूपमा यस्ता प्रकारका सामग्रीहरू बिक्रीका लागि राखिने गरिन्छ । रासस

# अलैँची बिक्रीबाट २४ करोड आम्दानी



**लमजुङ ।** जिल्लामा यस वर्ष अलैँचीका दाना बिक्री गरी रु २४ करोड ३० लाख बराबरको आम्दानी भित्रिएको छ । राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ लमजुङका कृषि अधिकृत हरिबहादुर मिजारका अनुसार चालु आर्थिक वर्षमा जिल्लामा उत्पादित १३५ मेट्रिकटन अलैँची बिक्रीबाट रु २४ करोड ३० बराबरको आम्दानी भएको छ । यस वर्ष अलैँची प्रतिकिलो रु एक हजार ८०० देखि रु दुई हजार ५०० सम्ममा बिक्री भएको उनले जानकारी दिए । गत वर्षको तुलनामा यस वर्ष उत्पादन घटेपनि मूल्य वृद्धि हुँदा बढी आम्दानी भएको उनको भनाइ छ । गत वर्ष शून्य दशमवल चार प्रतिशतले उत्पादन भएको अलैँची यस वर्ष घटेर शून्य दशमलव ३९ प्रतिशत भएको कृषि अधिकृत मिजारले उल्लेख गरे । आव २०८१/८२ मा उत्पादित १५० मेट्रिकटन अलैँचीका दाना बिक्रीबाट रु २२ करोड आम्दानी भएको थियो । गत आवमा प्रतिकिलो रु एक हजार ५०० देखि रु दुई हजार ४०० सम्ममा अलैँची बिक्री भएको थियो ।

यस वर्ष छिमेकी मुलुक भारतमा पनि अलैँची उत्पादनमा कमी आएकाले माग उच्च हुँदा यहाँका किसानले राम्रो मूल्य पाएका परियोजनाका कृषि अधिकृत मिजारले बताए । आव २०८०/८१ मा जिल्लाका किसानले २५१ मेट्रिकटन अलैँची बिक्री गरी रु २४ करोड आम्दानी गरेका थिए । मिजारका अनुसार उक्त वर्ष जिल्लाका किसानले प्रतिकिलो रु एक हजार २०० का दरले अलैँची बिक्री गरेका थिए । आव २०७९/८० मा ३८० मेट्रिकटन अलैँची बिक्रीबाट रु २० करोड आम्दानी भएको थियो । उक्त वर्ष प्रतिकिलो अलैँची कम्तीमा रु ५५० देखि रु७०० सम्म बिक्री भएको थियो ।

आव २०७८÷७९ मा ३३५ मेट्रिकटन अलैँची बिक्री गरी रु १५ करोड, आव २०७७/७८ मा तीन हजार ५०० क्विन्टलबाट रु १८ करोड २० लाख, आव २०७६÷७७ मा दुई हजार क्विन्टल अलैँची बिक्रीबाट रु १२ करोड आम्दानी भएको परियोजनाले जनाएको छ ।

जिल्लामा ७५० हेक्टर क्षेत्रफलमा अलैँचीखेती हुँदै आएपनि ३७५ हेक्टर क्षेत्रफलमा उत्पादन हुँदै आएको उक्त कार्यालयले जनाएको छ । उक्त परियोजनाले अलैँची जोन पकेट क्षेत्रका रूपमा मस्र्याङ्दी गाउँपालिका, बेँसीसहर नगरपालिका, क्व्होँलासोथर गाउँपालिका, दूधपोखरी गाउँपालिका र दोर्दी गाउँपालिकालाई घोषणा गरिसकेको छ । सो क्षेत्रमा सबैभन्दा बढी अलैँची उत्पादन हुने भएकाले पकेट क्षेत्र घोषणा गरिएको हो ।

यस वर्ष सबैभन्दा बढी मस्र्याङ्दी गाउँपालिकाका किसानले अलैँचीको दाना बिक्रीबाट आम्दानी गरेका नेपाल अलैँची व्यवसायी महासङ्घ लमजुङका अध्यक्ष सोमबहादुर तामाङले बताए । उनले भने, 'यस वर्ष अलैँची किसानले राम्रो आम्दानी प्राप्त गर्न सफल हुँदा किसान यस खेतीमा उत्साहित र खुसी भएका छन् ।'

जिल्लामा ७०० मिटरदेखि एक हजार २०० मिटर उचाइमा साउन्ने, जिर्मले र डम्बर शाही, एक हजार २०० मिटरदेखि १६ मिटर उचाइमा गोलशाही र एक हजार ६०० देखि दुई हजार २०० मिटर उचाइमा रामशाही र भलाङे जातका अलैँचीका बिरुवा लगाइएका छन् । यहाँ विसं २०४१ देखि अलैँचीखेती विस्तार हुँदै आएको हो ।

अलैँचीखेतीले जिल्लाका किसानको जीवनसमेत परिवर्तन गरेको छ । विदेशिएका युवासमेत फर्किएर अलैँचीखेती विस्तार गरेका छन् । सोमध्ये अजय तामाङ, सोमबहादुर तामाङ, बलराम लामालगायत विदेशबाट फर्किएर एक दशक अघिदेखि अलैँचीखेती गरिरहेका छन् । उनीहरूको अहिले वार्षिक रु पाँच लाखदेखि रु १० लाखभन्दा बढी आम्दानी हुने सोमबहादुरले जानकारी दिए ।

अलैँचीखेतीले स्थानीयको आर्थिक अवस्था सुधार हुनुका साथै जीवनशैली परिवर्तन भएको छ । सोही कारणले जिल्लाका किसान पछिल्लो समय अलैँचीखेती विस्तार गर्नतर्फ आकर्षित हुँदै गएका परियोजना कार्यालयले जनाएको छ । जिल्लामा करिब तीन हजार किसान अलैँचीखेतीमा आबद्ध छन् । रासस

# दैनिक १७ सय लिटर दूध उत्पादन



**तनहुँ ।** मिहिनेत गर्न सके स्वदेशमै बसेर विदेशको सरह पैसा कमाउन सकिन्छ भन्ने गतिलो उदाहरण जिल्लाको व्यास नगरपालिका–१३ स्थित बेलबासका पशुपालन किसानले दिएका छन् । बेलबास दुग्ध उत्पादक सहकारी संस्थामा आबद्ध भएका ६१ मध्ये ४५ किसान व्यावसायिक रुपमा पशुपालन गरेर समाजमा नमूना कार्य गर्दै आएका हुन् । अहिलेको सुक्खायाममा दूध उत्पादन घट्नुपर्नेम वृद्धि हँ◌ुदै गइरहेको संस्थाका व्यवस्थापक श्रीप्रसाद साँखीले जानकारी दिए । उनले भने, 'थोरैमा मासिक रु १५ हजारदेखि दुई लाख बढीसम्म कमाउने दूध व्यवसायी यहाँ रहेका छन् ।'

यसअघि दैनिक एक हजार ६०० लिटर दूध बिक्री हुँदै आएकोमा अहिले एक हजार ७०० लिटर दूध सङ्कलन भइरहेको छ । दूधबाट राम्रै आम्दानी हुने देखेपछि किसान उत्साहित भएर गाई थप्दै जाँदा बेमौसमी सिजनमा दूधको परिणाम बढेको उनले बताए ।

उत्पादित दूध बेलबास दुग्ध उत्पादक सहकारी संस्थामार्फत दमौली र पोखराको सुजल डेरी प्रालिमा बिक्री गर्ने गरिएको छ । उत्पादन गरिएको दूध बिक्रीका लागि बजारको कुनै समस्या नभएपछि यहाँका किसान पशुपालनतर्फ आकर्षेति भएर लागेका हुन् । दमौली बजारमा सञ्चालनमा ल्याइएको दुई पसलबाट दैनिक ७०० लिटर दूध खपत हुने गरेको छ भने एक दिन बिराएर सुजल डेरीले दुई हजार लिटर दूध पोखरा लैजाने गरेको छ । यहाँका व्यासायिक पशुपालनले परिवारको मात्रै नभई सिङ्गो समाजको मुहारमा परिवर्तन ल्याएको संस्थाका सचिव मेघनाथ आचार्यले बताए । उनले भने, 'आफूले दूध उत्पादन गर्नुका साथै पशुपालन गर्न चाहने किसानका लागि थप उत्प्रेरण जगाउने कार्य गरिएको आभास गर्न थालिएको छ ।' यस क्षेत्रका पशुपालन कृषकले अन्य व्यक्तिका लागि परिश्रम गर्न सकिए केही हुँदोरहेछ भन्ने गतिलो सन्देश दिएका छन् । दूध बिक्रीबाट आएको पैसाले लेनदेन व्यवहारका साथै दैनिक घर खर्च चलाउनमा सजिलो भएको पशुपालक किसान बताउँछन् ।

कृषकको खरिद मूल्यअनुरुप अहिले दैनिक रु एक लाख ३४ हजार मूल्यको दूध सङ्कलन हुने गरेको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट प्रति लिटर रु तीन र व्यास नगरपालिकाबाट रु दुई अनुदान सहकारीमार्फत पाउने गरेका छन् । व्यावसायिक पशुपालन कृषकलाई राज्यले प्रोत्साहन गर्न दाना, चोकरको महँगी नियन्त्रण र उत्पादनका आधारमा अनुदानलाई प्राथमिकता दिन सके अझै प्रभावकारी हुन सक्ने संस्थाका अध्यक्ष केशवबहादुर थापाले बताए ।

गाउँमै दुग्ध सङ्कलन केन्द्र रहेकाले कृषकले दैनिक बिहान र बेलुका उत्पादन गरेका दूध बिक्री गर्न सहज भएको छ । नगरपालिकाले कृषकलाई प्रोत्साहन गर्न उत्पादनका आधारमा अनुदान प्रदान गर्दै आएको वडाध्यक्ष वसन्तबहादुर आलेले बताए । रासस

# उप–मुख्यमन्त्री पवारको विमान दुर्घटनामा निधन



**महाराष्ट्र ।** महाराष्ट्रका उपमुख्यमन्त्री अजित पवारको चार्टर विमान दुर्घटनामा बुधबार बिहान दुःखद निधन भएको खबरले देशभर शोकको लहर फैलिएको छ । बारामतीमा अवतरण गर्ने क्रममा विमान दुर्घटनाग्रस्त हुँदा उनीसहित विमानमा सवार सबै पाँच जनाको मृत्यु भएको नागरिक उड्डयन महानिर्देशालयले जनाएको छ ।

शिवसेना (युबिटी) का सांसद अरविन्द सावन्तले यस घटनालाई 'अत्यन्त दुःखद' भन्दै पवार परिवारप्रति गहिरो समवेदना प्रकट गरेका छन् । उनले बारामती क्षेत्रको विकासमा अजित पवारको ठूलो योगदान रहेको स्मरण गर्दै उनी साहसी र प्रतिबद्ध नेता भएको उल्लेख गरे । शिवसेना (युबिटी) कै सांसद प्रियङ्का चतुर्वेदीले पनि यस समाचारलाई स्तब्ध र हृदयविदारक बताउँदै मतभेद भएपनि सँगै काम गरेको अनुभव स्मरण गरिन् । उनले पवार परिवारका सबै सदस्य तथा बारामतीका जनताप्रति सहानुभूति व्यक्त गरिन् ।

बिहान करिब ८ बजे मुम्बईबाट उडेको सानो चार्टर विमान बारामती विमानस्थल नजिकै अवतरण प्रयासका क्रममा दुर्घटनामा परेको थियो । दुर्घटनास्थलमा विमानका अवशेषबाट आगो र धुवाँ निस्किएको देखिएको थियो । अजित पवार जिल्ला परिषद् चुनावसम्बन्धी कार्यक्रममा सहभागी हुन बारामती जाँदै थिए ।

प्रधानमन्त्री नरेन्द्र मोदी र केन्द्रीय गृहमन्त्री अमित शाहले महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीससँग सम्पर्क गरी घटनाबारे जानकारी लिएको महाराष्ट्र सरकारले जनाएको छ । विभिन्न दलका सांसद तथा केन्द्रीय मन्त्रीहरूले पनि उनको निधनमा गहिरो दुःख व्यक्त गरेका छन् ।

अजित पवार दिग्गज नेता शरद पवारका भतिजा तथा लोकसभा सांसद सुप्रिया सुलेका काकाको छोरा थिए । उनी फरक–फरक समय र विभिन्न सरकारमा गरी सबैभन्दा धेरै अवधिसम्म महाराष्ट्रको उपमुख्यमन्त्रीको जिम्मेवारी सम्हाल्ने नेता थिए । पृथ्वीराज चव्हाण, देवेन्द्र फडणवीस, उद्धव ठाकरे र एकनाथ सिन्दे नेतृत्वका सरकारहरूमा उनले उपमुख्यमन्त्रीको जिम्मेवारी सम्हाले । उनका श्रीमती सुनेत्रा पवार तथा छोराहरू जय र पार्थ पवार छन् । रासस

# किमले आणविक योजना सार्वजनिक गर्ने सङ्केत



**सियोल ।** उत्तर कोरियाली नेता किम जोङ उनले आगामी सत्तारूढ मजदुर पार्टीको सम्मेलनमा देशको आणविक प्रतिरोध क्षमता अझ सुदृढ पार्ने योजनाहरू सार्वजनिक गरिने बताएका छन् । राज्य सञ्चार माध्यम कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए) का अनुसार मङ्गलबार किमको उपस्थितिमा अपग्रेड गरिएको लार्ज–क्यालिबर मल्टिपल रकेट लन्चर प्रणालीको लाइभ–फायर अभ्यास गरिएको थियो । दक्षिण कोरिया र जापानले यसलाई पहिले ब्यालेस्टिक मिसाइल प्रक्षेपणका रूपमा वर्णन गरेका थिए । राज्य सञ्चार माध्यमले सार्वजनिक गरेका तस्बिरहरूमा किम आफ्नी किशोरी छोरीसँगै विशाल लन्च ट्रकको छेउमा हिँडिरहेको देखिन्छ । दक्षिण कोरियाको गुप्तचर सेवाले सन् २०२४ को सुरुतिर किम जु ए नामकी छोरीलाई उहाँको सम्भावित उत्तराधिकारीका रूपमा प्रस्तुत गर्न थालिएको जनाएको थियो ।

केसिएनएले किम जोङ उनलाई उद्धृत गर्दै परीक्षण प्रक्षेपण देशको 'रणनीतिक प्रतिरोध' क्षमताको प्रभावकारिता बढाउन गरिएको बताएको छ । यस शब्दावली उत्तर कोरियाले आफ्ना आणविक हतियार क्षमताका लागि प्रयोग गर्दै आएको छ । समाचार अनुसार लन्चर प्रणालीको गतिशीलता र प्रहारको शुद्धता दुवैमा सुधार गरिएको छ ।

विज्ञहरूका अनुसार उत्तर कोरियाका ठूला आकारका रकेट लन्चर प्रणालीहरूले परम्परागत आर्टिलरी र ब्यालेस्टिक मिसाइलबीचको सीमा झन् अस्पष्ट बनाएका छन्, किनकि ती प्रणालीहरूले आफ्नै थ्रस्ट उत्पादन गर्न सक्छन् र उडानक्रममै मार्गनिर्देशन गर्न सक्षम छन् । उत्तर कोरियाले यस्ता केही प्रणालीहरू आणविक हतियार बोक्न सक्ने दाबी पनि गरेको छ ।

किमले देशको सैन्य शक्ति निरन्तर मजबुत बनाउनु मजदुर पार्टीको अपरिवर्तनीय दायित्व रहेको बताए । उनले पाँच वर्षपछि पहिलो पटक हुन लागेको आगामी पार्टी सम्मेलन 'देशको आणविक युद्ध प्रतिरोधलाई अझ सुदृढ पार्ने अर्को चरणका योजनाहरू' घोषणा गर्ने महत्त्वपूर्ण मञ्च हुने स्पष्ट पारे ।

फेब्रुअरीमा सुरु हुने अपेक्षा गरिएको उक्त सम्मेलन उत्तर कोरियाको सबैभन्दा ठूलो राजनीतिक तथा प्रचारात्मक कार्यक्रम मानिन्छ, जहाँ नयाँ राजनीतिक र आर्थिक प्राथमिकताहरू निर्धारण गरिन्छ । डिसेम्बरयता उत्तर कोरियाले हाइपरसोनिक मिसाइल, लामो दूरीको रणनीतिक क्रूज मिसाइल र नयाँ एन्टी–एयर मिसाइलको परीक्षण गरिसकेको छ । विश्लेषकहरूका अनुसार यी गतिविधिहरू सम्मेलनअघि हतियार विकासका उपलब्धि प्रदर्शन वा समीक्षा गर्ने उद्देश्यले गरिएको हुनसक्छ ।

केसिएनएले आगामी चरणको आणविक विकास योजना कस्तो हुनेछ भन्नेबारे विस्तृत विवरण दिएको छैन । तर विदेशी विश्लेषकहरूका अनुसार उत्तर कोरियाले आफ्ना प्रतिद्वन्द्वीहरूको क्षेप्यास्त्र प्रतिरक्षा प्रणालीलाई छल्न एउटै क्षेप्यास्त्रमा धेरैवटा वारहेड राख्ने क्षमतामा निपुणता हासिल गर्न खोजिरहेको छ । साथै, अमेरिकी मुख्य भूमिलाई लक्षित लामो दूरीका मिसाइलका वारहेडहरूलाई वायुमण्डलीय पुनःप्रवेशका क्रममा उत्पन्न हुने उच्च ताप र दबाबबाट जोगाउने प्रविधि उसले पूर्ण रूपमा विकास गरिसकेको छ कि छैन भन्ने प्रश्न पनि उठिरहेको छ ।

सन् २०१९ मा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको आणविक कूटनीति विफल भएपछि उत्तर कोरियाले अमेरिका र दक्षिण कोरियासँग वार्ता गर्न अस्वीकार गर्दै आएको छ । यद्यपि सीमित आणविक निःशस्त्रीकरणका सर्तमा आर्थिक र राजनीतिक प्रोत्साहन प्रस्ताव गरिएमा किम पुनः वार्तामा फर्कन सक्ने सम्भावना रहेको विज्ञहरूले बताएका छन् । रासस

# स्कटल्यान्डलाई सुपरसिक्सको पहिलो जित




**काठमाडौँ ।** आइसिसी महिला टी–२० विश्वकप ग्लोबल छनोट प्रतियोगिता अन्तर्गत बुधबार भएको खेलमा स्कटल्यान्डले आयरल्यान्डमाथि जित निकालेको छ । त्रिभुवन विश्वविद्यालय क्रिकेट रङ्गशालामा सम्पन्न सुपरसिक्स चरणको पहिलो खेलमा स्कटल्यान्डले जित निकालेको हो । आयरल्यान्डमाथि ३९ रनको जित हात पार्दै स्कटल्यान्डले खेल आफ्नो हातमा पारेको हो । सुरुमा टस हारेर फिल्डिङको निम्तो पाएको स्कटल्यान्डले पाँच विकेटको क्षतिमा १६० रन बनाएको थियो◌ं । स्कटल्यान्डकी सारा ब्राइसले ४७ रन जोडिन् भने क्याथरिन ब्राइसले २३ बलमा ३० रनको योगदान दिएकी हुन् ।

जवाफी ब्याटिङमा उत्रिएको आयरल्यान्डले १९ दशमलव दुई ओभरमा सबै विकेट गुमाएर १२१ रन बनाउन सक्यो । आयरल्यान्डलाई लक्ष्य भेट्टाउनबाट रोक्ने क्रममा स्कटल्यान्डकी क्याथरिनले चार विकेट लिएकी थिइन् । रासस

# पहिलो आधुनिक ‘चन्द्र नहर’ का संरचना सुधार

## उत्पादन वृद्धि तथा किसानको आयस्तर बृद्धि हुने



**सप्तरी ।**
नेपालमा सरकारीस्तरबाट निर्माण गरिएको पहिलो आधुनिक सिँचाइ प्रणाली ‘चन्द्र नहर’का संरचनालाई सुधार गरिएको छ । शताब्दी पुरानो सो नहरका ३२ प्रमुख संरचनाहरूको पुनर्निर्माण तथा सुदृढीकरण सम्पन्न गरिएको हो ।

त्रियुगा नदीलाई मुख्य पानीको स्रोत मानेर निर्माण गरिएको यस नहर प्रणालीबाट २८ किलोमिटर लामो मूल नहर, ११ शाखा नहर तथा थप शाखा नहरमार्फत करिब १० हजार ५०० हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध हुँदै आएको छ । तर लामो समयको प्रयोग र न्यून मर्मतसम्भारका कारण यस प्रणालीका धेरै संरचनाहरू जीर्ण भइसकेका थिए ।

नहरबाट हाल करिब १० हजार ५०० हेक्टर क्षेत्रमा सिँचाइ सेवा उपलब्ध भइराखेको छ भने सप्तरी जिल्लाका करिब ३५ हजार घरधुरीका कृषकहरू प्रत्यक्ष लाभान्वित हुँदै आएका छन् । ‘चन्द्र नहर सिँचाइ प्रणाली’ नेपालको इतिहासमै सरकारीस्तरबाट निर्माण गरिएको पहिलो आधुनिक तथा सबैभन्दा पुरानो सिँचाइ प्रणाली हो ।

यसको निर्माण तत्कालीन राणा प्रधानमन्त्री चन्द्र शम्शेरको पहलमा विसं १९७९ मा सुरु भई १९८४ ÷८५मा सम्पन्न भएको थियो । यसको निर्माणमा ‘चिफ इञ्जिनियर’ का रुपमा तत्कालिन शाही सेनाका महासेनानी डिल्ली जंग थापाले नेतृत्व गरेका थिए ।

जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)को आर्थिक एवं प्राविधिक सहयोगमा चन्द्र नहर सिँचाइ प्रणाली पुनःस्थापना परियोजना अन्तर्गत चन्द्र नहर सिँचाइ प्रणालीको ती प्रमुख संरचनाहरूको पुनःस्थापना तथा सुधार गरिएको हो । सप्तरीमा आयोजित विशेष कार्यक्रममा पुनःस्थापना तथा सुधार गरिएको संरचना जाइकाका तर्फबाट नेपाल सरकारलाई हस्तान्तरण गरिएको छ ।

कार्यक्रममा जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक इ मित्र बरालले ऐतिहासिक चन्द्रनहरका संरचनालाई पुनर्निर्माण तथा सुदृढीकरण गर्न सहयोग पु¥याएकामा जापान सरकारलाई विशेष धन्यवाद दिए । उनका अनु◌ुसार जाइकाको सहयोगमा पूर्वी तराई सिँचाइ प्रणाली पुनःस्थापना आयोजनाअन्तर्गत चन्द्रनहरको पुनर्निर्माण तथा सुदृढीकरण सम्पन्न भएको हो ।

नेपालको अर्थतन्त्र मुख्यतया कृषिमा आधारित रहेको उल्लेख गर्दै करिब ६२ प्रतिशत जनसंख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि पेसामा संलग्न रहेको सन्दर्भमा दिगो, भरपर्दो र प्रभावकारी सिँचाइ प्रणाली बिना कृषि आधुनिकीकरण, उत्पादन वृद्धि तथा खाद्य सुरक्षा सम्भव हुँदैन ।

यसै राष्ट्रिय आवश्यकताको परिणामस्वरूप विकास गरिएका सिँचाइ प्रणालीमध्ये चन्द्र नहर सिँचाइ प्रणाली नेपालकै पहिलो आधुनिक तथा ऐतिहासिक सिँचाइ प्रणाली हो । विसं १९७९ मा निर्माण सुरु भई विसं १९८४ र ८५ मा सम्पन्न भएको यो प्रणाली आज करिब १०० वर्ष पुरानो राष्ट्रिय धरोहरको रूपमा स्थापित छ । उनका अनुसार समयक्रममा अत्यधिक सिल्ट जम्ने, नहर चुहावट हुने, संरचनाहरू जीर्ण हुने, फ्लो कन्ट्राल संरचनाको अभाव तथा सीमित सञ्चालन तथा मर्मत क्षमताका कारण यस प्रणालीको कार्यक्षमता, विश्वसनीयता र प्रभावकारिता क्रमशः घट्दै गएको थियो । यसको असर विशेषगरी पुच्छार क्षेत्रसम्म नियमित र न्यायोचित रूपमा पानी नपुग्ने अवस्थाका रूपमा देखिन थालेको थियो ।

यही यथार्थलाई आत्मसात् गर्दै नेपाल सरकारले यस आयोजनालाई उच्च प्राथमिकतामा राखी जापान सरकार तथा जाइकाको अनुदान सहयोगमा पूर्वी तराई सिँचाइ प्रणाली पुनःस्थापना आयोजना कार्यान्वयन गरेको हो

विसं २०७३ साउन ४ गते सो आयोजना कार्यान्वयनमा आएको थियो । आयोजनाअन्तर्गत चन्द्र नहर प्रणालीका ३२ प्रमुख जीर्ण संरचनाहरूको पुनर्निर्माण तथा सुदृढीकरण सम्पन्न गरिएको छ । यसमा ७१९ दशमलव २७२ मिटरको आठ वटा क्यानल अन्डर पास, ३७४ दशमलव ३९० मिटरका नौ वटा क्रस ड्रेनेज स्ट्रकचर र १८८ दशमलव ९८३ मिटरका १५ वटा क्यानल क्रसिङ ब्रिज निर्माण गरिएको छ । हाजमा अन्दो कर्पोरेसन तथा परामर्शदाता एनटिसी इन्टरनेशनल कम्पनी लिमिटेडको प्राविधिक सहयोगमा निर्माण भएको यस परियोजनाले नहरमा पानीको चुहावट नियन्त्रणमा ठूलो सहयोग पुगेको छ ।

महानिर्देशक बरालले संरचनाको मजबुती र दिगो क्षमता बढेको, नहर सञ्चालन कार्य सहज भएको, पुच्छारसम्म नियमित रूपमा पानी पु¥याउन सम्भव भएको जानकारी दिए । उनले भने, ‘संरचना निर्माणपश्चात् धानवाली र गहुँबालीमा निर्मित संरचनाबाट प्रत्यक्ष रूपमा लाभ भएको कार्यालय तथा उपभोक्ता किसानको अनुभव रहेको छ । जलवायु परिवर्तनका कारण त्रियुगा नदीमा पानीको मात्रा घटे प्रणालीको प्रभावकारिता बढेकाले उपलब्ध पानीको अधिकतम उपयोग सम्भव भएको छ ।’ यद्यपि, हाल पुनस्स्थापना मुख्यतः मूल नहरका संरचनाहरूमा केन्द्रित भएको हुँदा शाखा नहरका बाँकी जीर्ण संरचनाहरूको पुनर्निर्माण पनि आगामी चरणमा अत्यावश्यक रहेको छ । सो अवसरमा उहाँले जापान सरकार तथा जाइका नेपालसमक्ष आगामी दिनमा पनि शाखा नहरका बाँकी जीर्ण संरचनाहरूको पुनर्निर्माणको कार्यक्रम अगाडि बढाइ सहयोग गरी दिनका लागि आग्रह गरे ।

साथै, पानीको उपलब्धता सहज भएकाले जल व्यवस्थापन, बाली विविधीकरण, बाली व्यवसायीकरणतर्फ जानु अपरिहार्य भइसकेको छ । कन्काईमा सफल रूपमा लागू गरिएको टिसिपी पिआइएटी ‘मोडल’जस्तै कार्यक्रम चन्द्र नहर क्षेत्रमा पनि अनुदान सहयोगमा लागू गर्नका लागि पनि महानिर्देशक बरालले अनुरोध गरे । जलस्रोत तथा सिँचाइ विभागले कृषिको आधुनिकीकरण र सिँचाइ पूर्वाधार विकासलाई उच्च प्राथमिकतामा राख्दै विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय साझेदारीमा परियोजनाहरू सञ्चालन गर्दै आएको छ । देशको कूल सिँचाइयोग्य क्षेत्र करिब २५ लाख ३६ हजार हेक्टरमध्ये हाल सङ्घीय सरकारद्वारा सञ्चालित सिँचाइ आयोजनामार्फत करिब १५ लाख ९३ हजार हेक्टर जमिनमा (६२ प्रतिशत) सिँचाइ सुविधा विस्तार भइसकेको छ । यसले प्रगति देखाए पनि अझै ठूलो क्षेत्र सिँचाइ सुविधाबाट वञ्चित रहेको स्पष्ट सङ्केत गर्दछ ।

सिँचाइ सुविधा विस्तारको प्रत्यक्ष प्रभाव कृषि उत्पादनमा देखिएको छ । तथ्याङ्कअनुसार सिँचाइ पुगेको क्षेत्रमा हेक्टर उत्पादन औसत रूपमा वृद्धि भएको छ र किसानहरू नगदे बालीतर्फ आकर्षित भएका छन् । यसर्थ, सिँचाइ पूर्वाधारमा लगानी गर्नु भनेको खाद्य सुरक्षा, रोजगारी सिर्जना र राष्ट्रिय अर्थतन्त्र सुदृढीकरणमा लगानी गर्नु हो भन्ने कुरा स्पष्ट हुन्छ ।

**जापानी इन्जिनियरिङ उत्कृष्टता**
जापान सरकार तथा जाइकाको अनुदान सहयोगमा पूर्वी तराई सिँचाइ प्रणाली पुनःस्थापना आयोजनाअन्तर्गत चन्द्र नहरका ३२ प्रमुख संरचनाहरू को पुनर्निर्माण तथा सुदृढीकरण कार्य सफलतापूर्वक सम्पन्न भएको छ । यो जापानी इन्जिनियरिङ उत्कृष्टता र क्षमताको सुन्दर संयोजनको उदाहरण हो । यी संरचनाहरूलको पुनर्निर्माण तथा सुदृढीकरण कार्य ले समयमै पानी आपूर्ति सुनिश्चित गर्दै बहुबाली खेती प्रवद्र्धन, उत्पादन वृद्धि तथा किसानको आयस्तर उकास्न महत्वपूर्ण योगदान पुर्याउने विश्वास गरिएको छ ।

आर्थिक सर्वेक्षणअनुसार नेपालको कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान करिब २५ प्रतिशत रहेको छ र करिब ६२ प्रतिशत परिवार अझै पनि कृषिपेशामा निर्भर छन् । त्यसैले कृषि क्षेत्रको उत्पादनशीलता वृद्धि गर्नु भनेको गरिबी न्यूनीकरण, खाद्य सुरक्षा र समग्र राष्ट्रिय समृद्धिसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो ।

जापान सरकार तथा जाइकाले नेपालको सिँचाइ, जल उत्पन्न प्रकोप व्यवस्थापन, जलस्रोत संरक्षण, कृषि, सडक, ऊर्जा, शिक्षा र मानव संशाधन विकासमा पु¥याउँदै आएको सहयोग एवं योगदान अत्यन्तै प्रशंसनीय छ । चन्द्र नहर पुनःस्थापना आयोजना पनि यही नेपाल–जापान विकास साझेदारीको एक सशक्त उदाहरण हो । कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडी,सहसचिव सुशीलचन्द्र आचार्य, यहाँस्थित जापानी राजदूतावासका उपप्रमुख सिन्तो यासुहारु, यहाँस्थित जाइकाका देसीय निदेशक मात्सुकि मिजुकि, जल तथा ऊर्जा आयोगका सहसचिव टीकाराम बराल, जलस्रोत तथा सिँचाइ विभागका उपमहानिर्देशक बासु तिमल्सिना लगायतको उपस्थिति रहेको थियो । रासस

# पत्रकारको तलब सुनिश्चितता हुनुपर्नेमा जोड

**काठमाडौँ ।**
नेपाल पत्रकार महासङ्घले ‘नेपाल रिपब्लिक मिडिया लिमिटेड’को प्रकाशन नागरिक दैनिक पत्रिकामा कार्यरत श्रमजीवी पत्रकारले सेवासुविधा नपाएकामा चिन्ता व्यक्त गर्दै तलब सुनिश्चितता हुनुपर्नेमा जोड दिएको छ ।

महासङ्घका वरिष्ठ उपाध्यक्ष दीपक आचार्यसहितको टोलीले बुधबार नागरिक दैनिकका प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारीको कार्यकक्षमा तालाबन्दी गरी तत्काल पत्रकारले पाउनुपर्ने सेवासुविधा उपलब्ध गराउने सुनिश्चितता हुनुपर्नेमा जोड दिएको हो ।

तालाबन्दी गरिएको केही घण्टापछि सो प्रकाशन गृहले नेपाल प्रहरी, स्थानीय तह र सम्बन्धित पक्ष राखेर ताला खुलाएको छ । श्रमजीवी पत्रकार ऐनले तोकेको न्यूनतम पारिश्रमिक र सेवासुविधाबाट वञ्चित हुनुपरेको गुनासासहितको उजुरी प्राप्त भएपछि पत्रकारका पक्षमा उभिएको महासङ्घले स्पष्ट गरेको छ । नेपाल पत्रकार महासङ्घ, नागरिक प्रतिष्ठान शाखाका अध्यक्ष रघुनाथ लामिछानेका अनुसार लामो समयदेखि तोकिएको सेवा सुविधा नपाएपछि विरोध, धर्ना, प्रदर्शनलगायतका कार्यक्रमसहित व्यवस्थापनका विरुद्धमा उभिनुपरेको हो । उनले संस्थाले सरकारद्वारा तोकिएको न्यूनतम पारिश्रमिक नदिएको, कोभिड–१९ को बहानामा करिब ४३ महिनासम्म ५० देखि ७५ प्रतिशतसम्म तलब कटौती गरेको गुनासो गरे ।

रिपब्लिक मिडिया लिमिटेडकी अध्यक्ष शोभा ज्ञवालीले संस्थामा करिब ३०० जना पत्रकार तथा कर्मचारी कार्यरत रहेको जानकारी दिँदै तोकिएको जिम्मेवारीभन्दा पनि विरोधका कार्यक्रममा केही पत्रकार तथा कर्मचारी सरिक भएकामा दुःख व्यक्त गर्दै सम्बद्ध पक्षसँग छलफल गरी समस्या समाधान गर्न व्यवस्थापन तयार रहेको बताइन् ।

उनले मुलुकको समग्र अर्थतन्त्रमा देखिएको आर्थिक मन्दीको प्रभाव सञ्चार गृहमा पनि परेको स्पष्ट गर्दै स्रोत अभावका कारण पारिश्रमिक दिन केही ढिलाइ भएपनि वास्तविक एवम् पीडित श्रमजीवी पत्रकारसहित कर्मचारीले न्याय पाउने बताइन् । रासस

# प्रमुख लामा हटाएको भन्दै आयोगमा उजुरी

**काठमाडौँ ।**
गुठी संस्थानले निर्वाचन आचारसंहिताविपरीत श्री बौद्ध तथा मेलम्ची घ्याङ गुठीका प्रमुख लामालाई पदबाट हटाएको भनी निर्वाचन आयोगमा उजुरी परेको छ । संस्थानले निर्वाचन आचारसंहिताविपरीत काम गरेको भनी उजुरी दर्ता भएकाले आजदेखि यस विषयमा के भएको हो भनी आवश्यक छानबिन एवं सोधपुछ प्रक्रिया सुरु गरिने आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए ।

आयोगले माघ ४ गते राति १२:०० बजेदेखि निर्वाचन आचारसंहिता, २०८२ लागू गरेको थियो ।

आचारसंहिताको दफा ३ को (ज)मा सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारीलाई पनि आचारसंहिता लागू हुने उल्लेख छ ।

संस्थानले माघ ९ गते श्री बौद्ध तथा मेलम्ची घ्याङ गुठीका प्रमुख लामा भूपतिबज्र लामालाई पदबाट हटाउने निर्णय गरेको उनको सचिवालयका हरिश गोले तामाङले जानकारी दिए । संस्थानले निर्वाचन आचारसंहिता लागू भएकै दिन माघ ४ गते नै प्रमुख लामा भूपतिबज्र लामासँग स्पष्टीकरण सोधेको थियो । आचारसंहिता उल्लङ्घन गरेको भनी आयोगमा परेका उजुरीको छानबिन गरी अहिले विभिन्न राजनीतिक दल, उम्मेदवार, सार्वजनिक निकाय र संस्था गरी अहिलेसम्म आयोगले १५ स्पष्टीकरण सोधिसकेको सहायक प्रवक्ता जिसीले बताए । रासस

# भ्रामक समाचारप्रति ध्यानाकर्षण

**काठमाडौँ ।**
राष्ट्रिय प्रकृति संरक्षण कोषले केही दिनदेखि कोषका सन्दर्भमा केही सञ्चारमाध्यममा प्रकाशित समाचार अनर्गल, तथ्यहीन र भ्रामक भएको भन्दै ध्यानाकर्षण भएको जनाएको छ । कोषले बुधबार विज्ञप्तिमार्फत संस्थाको गरिमा र विश्वसनीयतामा गम्भीर आँच पु¥याउने उद्देश्यले सत्यतथ्यलाई तोडमोड गरी सम्प्रेषण गरिएका त्यस्ता समाचारप्रति आपत्ति प्रकट गरेको हो । कोषले त्यस्ता समाचारको पछाडि नलाग्न कर्मचारी, शुभचिन्तक एवं सरोकारवाला सबैलाई आग्रह गरेको छ । कोष एक स्वायत्त एवं स्वशासित संस्था भएको र यसको सञ्चालन आफ्नै ऐन, कानुन तथा नियमावली बमोजिम हुने उल्लेख गर्दै कोषले अध्यक्ष र सदस्य–सचिवको नियुक्ति पनि प्रचलित ऐनको व्यवस्थाअनुसार नै कानुनी प्रक्रियाबाट भएको स्पष्ट पारेको छ ।

साथै कोषले वन तथा वातावरणमन्त्री माधवप्रसाद चौलागाइँले जेनजी आन्दोलनका क्रममा सरकारी आवासमा पूर्ण क्षति पुगेकाले मितव्ययिताका दृष्टिकोणले सदर चिडियाखानाको कार्यालय प्रमुखको रिक्त आवास उपयुक्त ठानी प्रयोग गरेको स्पष्ट पारेको छ । उक्त रिक्त भवनमा उनी बस्दा समाचारमा उल्लेख गरिए जस्तो वन्यजन्तुलाई कुनै असर नपर्ने र वन्यजन्तुको संरक्षण कार्यसँग यसको कुनै सरोकार नरहेको कोषले जनाएको छ । रासस

# एक वर्षभित्र ‘ग्रे लिस्ट’बाट बाहिरिने काम गरौँः अर्थमन्त्री



**काठमाडौँ ।**
अर्थमन्त्री रामेश्वरप्रसाद खनालले सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी विषयमा नेपाललाई वित्तीय कारबाही कार्यदल (एफएटिएफ) को ‘ग्रे लिस्ट’ बाट जतिसक्दो चाँडो बाहिर निकाल्न सबै क्षेत्र र निकाय जिम्मेवार भएर लाग्नुपर्ने बताएका छन् ।

‘सम्पत्ति शुद्धीकरण निवारणः पारदर्शिता र वित्तीय सुशासन’ भन्ने मूल नारासहित बुधबार आयोजित सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवस, २०८२ का अवसरमा बोल्दै अर्थमन्त्री खनालले तोकिएको समयभन्दा अघि नै आवश्यक सबै सुधारका काम सम्पन्न गरी आगामी एक वर्षभित्र नेपाललाई ग्रे लिस्टबाट बाहिर निकाल्नुपर्नेमा जोड दिए ।

उनले अन्तरराष्ट्रिय समुदायले नेपालमाथि कुनै दबाब दिएर वा बाध्य पारेर यी सुधार कार्य कार्यान्वयन गर्न लागिएको नभई, आफ्नै संस्थालाई भ्रष्टाचारमुक्त, पारदर्शी र सुशासनयुक्त बनाउन तथा अर्थतन्त्रलाई बलियो बनाउने उद्देश्यका साथ यो प्रक्रिया अघि बढाइएको स्पष्ट पारे ।

सम्पत्ति शुद्धीकरण निवारणका लागि भइरहेका सुधार प्रयासले अतिरिक्त आर्थिक दायित्व वा अनावश्यक लागत सिर्जना नगर्ने पनि अर्थमन्त्री खनालको भनाइ थियो । विदेशी लगानी अपेक्षाअनुसार नआउनुको एक कारण वित्तीय प्रणालीप्रतिको विश्वास कमजोर हुनु रहेको उल्लेख गर्दै उनले सुधारमार्फत लगानी वातावरण सुधार गर्नुपर्ने बताए ।

एफएटिएफ र एसिया प्यासिफिक ग्रुपले जनवरी २०२७ सम्ममा सुधार गर्नुपर्ने विभिन्न विषयहरू समेटेर सुझाव दिएको उल्लेख गर्दै अर्थमन्त्री खनालले पछिल्लो एक वर्षमा केही सुधार भएको र अबको एक वर्षभित्र बाँकी सबै सुधारका काम पूरा गर्नुपर्ने आवश्यकता औँल्याए । उनले २०२६ को अन्त्यतिर सबै सुधार कार्य सम्पन्न हुने अपेक्षा व्यक्त गरे ।

सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित मुद्दामा अनुसन्धान, अभियोजन र कारबाही प्रक्रियालाई प्रभावकारी बनाइनुपर्नेमा जोड दिँदै अर्थमन्त्री खनालले प्रमाणसहित बलियो मुद्दा तयार गरी तत्काल सम्पत्ति जफत गर्ने व्यवस्था मिलाउनुपर्ने बताए ।

वित्तीय बजार मात्र नभई पुँजीबजारमा समेत पारदर्शितासम्बन्धी समस्या रहेको आशङ्का व्यक्त गर्दै उनले यही कारण माघ १ गतेदेखि रु पाँच लाखभन्दा बढीको व्यावसायिक कारोबार बैंकिङ प्रणालीमार्फत मात्र गर्नुपर्ने व्यवस्था लागू गरिएको जानकारी दिए । निजी क्षेत्रबाट यस व्यवस्थाले समस्या सिर्जना गरेको भनिए पनि नगद कारोबारको सीमा नबढाइने अर्थमन्त्री खनालले स्पष्ट पारे ।

कार्यक्रममा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले नेपालको वित्तीय स्वच्छता र सुशासनका लागि विश्वव्यापी रूपमा देखिएका कानुनी, नीतिगत तथा संस्थागत चुनौतीहरूलाई थप प्रभावकारी ढङ्गले सम्बोधन गर्नुपर्ने बताए । उनले हालको अवस्था चुनौती मात्र नभई आत्मसमीक्षा र थप सुधारका लागि अवसरसमेत भएको उल्लेख गरे ।

कानुनी तथा संस्थागत सुधारका काम अघि बढिरहेका उल्लेख गर्दै मन्त्री सिन्हाले अब प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने बेला आएको बताए । ग्रे लिस्टबाट बाहिर निस्कन २०८३ माघसम्म गर्नुपर्ने कार्ययोजना तय भइसकेको उल्लेख गर्दै त्यसको कार्यान्वयनमा सबै निकाय र क्षेत्रले आ–आफ्नो जिम्मेवारी पूरा गर्नुपर्नेमा उनले जोड दिए ।

महान्यायाधिवक्ता सविता भण्डारीले सम्पत्ति शुद्धीकरण निवारणका लागि नेपालले अन्तरराष्ट्रियस्तरमा स्पष्ट नीतिगत प्रतिबद्धता जनाएको बताउँदै यस विषयलाई उच्च प्राथमिकतामा राखी सम्बन्धित कानुनको तर्जुमा तथा प्रभावकारी कार्यान्वयनमा विशेष ध्यान दिइएको जानकारी दिइन् ।

कार्यक्रममा बोल्दै महान्यायाधिवक्ता भण्डारीले एफएटिएफका मापदण्डअनुसार जोखिममा आधारित अनुगमन तथा नियमन प्रणाली लागू गर्नुपर्नेमा जोड दिइन् । परम्परागत अनुसन्धान शैली मात्र पर्याप्त नरहेको उल्लेख गर्दै उनले अनुसन्धान र अभियोजन प्रक्रियालाई थप प्रभावकारी, प्रमाणमा आधारित र परिणाममुखी बनाउनुपर्ने आवश्यकता औँल्याइन् ।

उनले ग्रे लिस्टबाट बाहिर निस्कन महान्यायाधिवक्ताको कार्यालयबाट गर्नुपर्ने भनी तोकिएका कार्यहरू प्रभावकारी रूपमा सम्पादन भइरहेको जानकारी दिइन् ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्रले नेपाल ग्रे लिस्टमा रहेको अवस्थामा अन्तरराष्ट्रिय वित्तीय संस्थाहरूले नेपालसँगको कारोबारमा कडाइ गर्नसक्ने चेतावनी दिए । यसले देशभित्र गम्भीर सामाजिक तथा आर्थिक समस्या सिर्जना गर्न सक्ने मात्र नभई अन्तरराष्ट्रियस्तरमा नेपाली नागरिकको यात्रामा कडाइ, रेमिट्यान्स तथा अन्य अन्तरराष्ट्रिय कारोबारको लागत बढ्न सक्ने चुनौती रहेको उनले उल्लेख गरे ।

ग्रे लिस्टमा पर्नु भनेको वित्तीय अपराध नियन्त्रणमा नेपालको कमजोरीका रूपमा अन्तरराष्ट्रिय समुदायले बुझ्ने भएकाले यसबाट बाहिर निस्कन प्रभावकारी सुधार अपरिहार्य रहेको डेपुटी गभर्नर मिश्रको भनाइ थियो ।

यसैगरी, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक गजेन्द्रकुमार ठाकुरले सम्पत्ति शुद्धीकरण निवारण कुनै एक निकायको मात्र जिम्मेवारी नभई अर्थतन्त्रसँग जोडिएका सबै निकायको सामूहिक प्रयास आवश्यक पर्ने बताए । उनका अनुसार यस क्षेत्रमा ५० भन्दा बढी सरकारी निकाय र ८० हजारभन्दा बढी सूचक संस्थाहरू संलग्न रहेका छन् ।

महानिर्देशक ठाकुरले कूल गार्हस्थ्य उत्पादनको तीनदेखि पाँच प्रतिशतसम्म आतङ्ककारी गतिविधि र अवैध कारोबारसँग सम्बन्धित हुनसक्ने जोखिम औँल्याउँदै नेपालको अर्थतन्त्र अझै नगदमा आधारित, अनौपचारिक अर्थतन्त्रको हिस्सा ठूलो, आधुनिक प्रणालीको प्रभावकारी नियमन गर्न नसकिएको, दक्ष जनशक्ति र प्रविधिको अभाव तथा कानुन बने पनि कार्यान्वयन कमजोर रहेको समस्या रहेको बताए । घरजग्गा कारोबार तथा सुनचाँदी कारोबारका क्षेत्रमा सम्पत्ति शुद्धीकरणको जोखिम बढी रहेको उल्लेख गर्दै उनले जोखिममा आधारित प्रणाली कार्यान्वयन, कानुनी सुधार तथा अद्यावधिक, अनुसन्धान निकायबीच समन्वय र सहकार्य, अन्तरराष्ट्रिय समन्वय विस्तार, आधुनिक प्रविधिबाट हुने अपराध न्यूनीकरण, एकीकृत सूचना साझेदारी प्रणाली निर्माण, डिजिटल अर्थतन्त्रको नियमन तथा साइबर अपराध नियन्त्रणमा विशेष जोड दिनुपर्ने आवश्यकता औँल्याए । रासस



*बिक्रीका लागि पोखरीबाट घोँगी निकालिँदैः* धनुषाको औरही गाउँपालिका–६ चक्करगाउँस्थित पोखरीबाट बिक्री गर्न घोगी निकाल्दै महिला । बजारमा प्रतिकिलो ३ सय रुपैयाँमा बिक्री हुने गरेको छ ।

# मिथिला चित्रकला तालिम काठमाडौँमा सुरु



**काठमाडौँ ।**
काठमाडौँमा मिथिला चित्रकलाको चारदिने प्रयोगात्मक तालिम सुरु भएको छ । मिथिला चित्रकलाको प्रवद्र्धन गर्ने उद्देश्यले तालिम सुरु गरिएको हो । मिथिला थाली बाई सेफ सन्तोष साह, सुडी महिला कल्याण समाज र रोटरी न्यातपोलको सहकार्यमा तालिमको आयोजना गरिएको हो । मिथिला कलाप्रति रुचि राख्ने युवा, महिला तथा बालबालिका लक्षित गरी आयोजित तालिमका सहभागीलाई आधारभूत चित्रकला सीप, डिजाइन र रङ संयोजनको प्रशिक्षण दिइने तालिमका प्रशिक्षक प्रतिभा मिश्रले जानकारी दिइन् ।
तालिमको पहिलो दिन नक्साल, दोस्रो दिन गौशाला र तेस्रो दिन झम्सीखेलस्थित मिथिला थालीमा तालिम सञ्चालन हुनेछ । तीनदिने प्रशिक्षणपछि १० दिनको अन्तरालमा नक्सालस्थित मिथिला थालीमा अन्तिम चित्रकला प्रतियोगिता आयोजना गरिनेछ । तालिममा ३० जनाभन्दा बढी सहभागी छन् ।
'मलाई सधैँ मिथिला पेन्टिङप्रति रुचि थियो । तालिममार्फत नयाँ डिजाइन सिकेर आफ्नै काम गर्न सक्नेछु । मलाई पहिलेदेखि नै यस्तो तालिम लिने इच्छा थियो । आज सहभागी हुन पाउँदा खुसी लागेको छ', तालिममा सहभागी क्रेशिका ढकालले बताइन् ।
तालिमको उद्घाटन गर्दै मास्टर सेफ सन्तोष साहले मिथिला चित्रकलालाई जनकपुरमा मात्र सीमित नराखेर देशविदेशमा चिनाउने उद्देश्य तालिम आयोजना गरिएको बताए । 'धर्म, संस्कृति, परम्परा र कलालाई जोगाउनुका साथै नयाँ पुस्तालाई संस्कृतिको ज्ञान दिनुपर्छ,' साहले भने, 'महिलालाई कलामार्फत आत्मनिर्भर बनाउने हाम्रो अर्को लक्ष्य हो । त्यसैले हामीले यो तालिम आयोजना गरेका हौँ ।'
साथै सुडी महिला कल्याण समाजकी अध्यक्ष रुवी महतो पुर्वेले महिलालाई घरमै सीमित नराखी यस्ता तालिममा सहभागी गराएर सीप सिकाउने र आम्दानीको अवसर दिने उद्देश्य रहेको बताइन् । पहिले सिकाएका महिला अहिले आफ्नै प्रयासले आम्दानी गरिरहेका छन् । यस तालिमले सहभागीलाई पनि त्यस्तै अवसर दिनेछ । परीक्षार्थीलाई प्रतिभा मिश्र, शारदा झा, सोनाम कर्ण, प्रिया पुर्वे, अदिती झालगायतका प्रशिक्षकले मिथिला चित्रकलाबारे तालिम प्रदान गर्नेछन् ।

# 'मैले गोली चलाउने आदेश दिएको होइन'



**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले भदौ २३ गते भएको दुःखद् घटनामा प्रधानमन्त्रीका हैसियतमा आफूले गोली चलाउने आदेश नदिएको स्पष्ट पारेका छन् । उनले संविधानले कुनै पनि प्रधानमन्त्रीलाई नागरिकमाथि गोली चलाउन आदेश दिने अधिकार नदिएको उल्लेख गर्दै आफूले यस्तो आदेश कहिल्यै नदिएको र दिन नसक्ने बताएका छन् ।
घटनाबारे सामाजिक सञ्जालमा लेख्दै अध्यक्ष ओलीले घटनापछि तत्कालै पूर्व न्यायाधीशको नेतृत्वमा छानबिन आयोग गठन गरिएको बताए । घटनामा ज्यान गुमाएका १९ जना नानी–बाबुहरूप्रति अध्यक्ष ओलीले गहिरो श्रद्धाञ्जली व्यक्त गरेका छन् । उनले घटना आफ्नो लागि पनि गहिरो पीडाको विषय बनेको बताएका छन् ।
सरकारले प्रारम्भमा घुसपैठको सम्भावना देखेर माइतीघरमा प्रदर्शन रोक्ने निर्णय गरे पनि शान्तिपूर्ण सभाका लागि युवाहरूले अनुमति मागेपछि प्रशासनले सहजै अनुमति दिएको अध्यक्ष ओलीको भनाइ छ । माइतीघरमा बिहान सुरु भएको जेन्जी युवाहरूको प्रदर्शन पूर्ण रूपमा शान्तिपूर्ण रहेको र त्यहाँ न गोली चलेको न लाठीचार्ज भएको उनले स्पष्ट पारेका छन् ।
करिब मध्याह्नतिर केही घुसपैठकारी समूहले प्रदर्शनकारी युवाहरूलाई घेरेर निषेधित क्षेत्रतर्फ लैजान थालेको अध्यक्ष ओलीको दाबी छ। आयोजकहरूले पटक–पटक घुसपैठ भएको भन्दै घर फर्किन आग्रह गरे पनि योजनाबद्ध रूपमा बालबालिका तथा विद्यालय पोशाकमा रहेका नानीबाबुलाई अगाडि राखेर संसद भवनतर्फ लगेको उनको भनाइ छ ।
अध्यक्ष ओलीका अनुसार संसद भवनअघि आगजनीको प्रयास र विस्फोटक पदार्थ प्रयोग भएपछि अवस्था 'आन्दोलन'को नभई 'राज्यविरुद्धको आक्रमण'को तहमा पुगेको हो । संसद भवनभित्र सुरक्षा निकायमाथि प्रत्यक्ष आक्रमण भएपछि कानूनअनुसार बल प्रयोग गर्नुपरेको उनले बताए । अध्यक्ष ओलीले लेखेका छन्, 'यदि सुरक्षाकर्मीले आफ्ना हतियार खोसिन दिएका भए के हुन्थ्यो ? संसद भवन जलेको भए देशले कस्तो क्षति भोग्नुपथ्र्यो ?'
विस्फोटक सामग्रीसहित आएका समूहहरूको उद्देश्य अराजकता फैलाउने रहेको कुरा पछिल्ला घटनाले पुष्टि गरेको अध्यक्ष ओलीको भनाइ छ । भदौ २४ गते भएको विध्वंशतर्फ संकेत गर्दै उनले आफ्नो राजीनामापछि नै सिंहदरबार, राष्ट्रपति भवन र सर्वोच्च अदालतजस्ता राष्ट्रिय धरोहरमा आगजनी भएको स्मरण गराएका छन् ।
प्रधानमन्त्रीले विश्वका सबै देशमा प्रमुख संवैधानिक अंगहरूको सुरक्षा कानूनअनुसार हतियारसहित गरिने उल्लेख गर्दै सुरक्षाकर्मीहरूले सरकारको होइन, कानूनको सपथ लिने बताए । त्यस दिन पनि गोली सरकारको आदेशमा नचलेको उनको स्पष्टिकरण छ । अध्यक्ष ओलीले सामाजिक सञ्जालमा फैलाइएका भ्रामक प्रचारमा नलाग्न नागरिकलाई आग्रह गर्दै शान्तिपूर्ण प्रदर्शनबाट युवालाई संसद भवनजस्तो संवेदनशील क्षेत्रमा कसले, किन र कसरी पु-यायो भन्ने प्रश्नको उत्तर खोज्नुपर्ने बताएका छन् ।

# काठमाडौँसहित धेरै ठाउँमा वर्षा
# सबैभन्दा बढी सुर्खेतमा

**काठमाडौँ ।**
पश्चिमी न्यून चापीय प्रणाली विकास हुँदा बुधबार काठमाडौँ उपत्यकासहित देशभरको मौसम बदली भई ठाउँठाउँमका वर्षा र हिमपात भएको छ । अहिले अपराह्न काठमाडौँ उपत्यकामा पनि वर्षा भएको छ । काठमाडौँमा २.२, ललितपुर र भक्तपुरमा समाान ४.८ मिलिमिटर वर्षा भएको छ ।
जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार पछिल्लो २४ घण्टामा सबैभन्दा बढी सुर्खेतमा ४३ मिलिमिटर वर्षा भएको छ । यो झण्डै भारी वर्षाको नजिक हो । यस्तै रुकुमको शेरागाउँमा ३८ मिलिमिटर र जाजरकोटमा ३३ मिलिमिटर वर्षा भएको छ । बैतडीमा ३५.६, डडेलधुरामा ३३.२, बाजुरमा ३०.२, मनाङमा ३२.४ र डोल्पामा ३१ मिलिमिटर वर्षा भएको छ । यो मध्यम वर्षा हो । नेपालको पश्चिम क्षेत्रका उच्च पहाडी तथा हिमाली क्षेत्रमा भारी हिमपात पनि भएको छ । जसका कारण जनजीवन प्रभावित भएको छ ।
बागमती प्रदेशदेखि पश्चिमका अधिकांश जिल्लामा आज वर्षा भएको र ती जिल्लाका १०० जति वर्षा मापन केन्द्रमा १० देखि ३० मिलिसिमिटरबीचमा वर्षा भएको पनि विभागको अभिलेखमा उल्लेख छ । यो हल्कादेखि मध्यमसम्म वर्षा हो ।
प्रणाली विस्तारै पूर्वतर्फ सर्दै गएको जानकारी दिँदै मौसमविद् वरुण पौडेलले तराई र कोशीमा भने कम नै वर्षा हुने देखिएको बताउनुभएको छ । अहिले पछिल्लो १ घण्टामा भने गण्डकी प्रदेश र बागमती प्रदेशका जिल्लामा बढी वर्षा भएको छ । बुधबार रातिदेखि प्रणाली कमजोर हुने र विस्तारै खुल्ने विभागले जनाएको छ । तर चिसो भने बढाउने र केही दिन बदली पनि रहने जनाइएको छ । राति देशको पहाडी र हिमाली भू–भागमा आंशिक बादल लागेको थियो । बाँकी भू–भागमा मौसम मुख्यतया सफा रहेको थियो । कोशी, बागमती र गण्डकी प्रदेशको उच्च पहाडी तथा हिमाली भू–भागका एक–दुई स्थानमा हल्का हिमपात÷वर्षाको सम्भावना रहेको छ ।
बिहीबार तराई भू–भागका धेरै स्थानमा हुस्सु/कुहिरो रहनेछ । कोशी, बागमती र गण्डकी प्रदेशको उच्च पहाडी तथा हिमाली भू–भागमा आंशिक बादल लाग्ने छ र बाँकी भू–भागमा मौसम मुख्यतया सफा रहने मौसमविद् पौडेलले बताए ।
कोशी, बागमती र गण्डकी प्रदेशको उच्च पहाडी तथा हिमाली भू–भागका एक–दुई स्थानमा हल्का हिमपात/वर्षाको सम्भावना रहेको पनि जनाइएको छ ।

# राष्ट्रिय मर्यादाको अपमान गरेको
# भन्दै कारबाहीको माग



**काठमाडौँ ।**
नेपालको राष्ट्रिय मर्यादा, राष्ट्रिय चिह्न÷प्रतीक र राष्ट्रिय जनावरको अपमान गरी बाँके क्षेत्र नं ३ का राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार खगेन्द्र सुनारले अभिव्यक्ति दिएको आरोप लगाउँदै त्यसको छानबिन गरी कानूनी कारबाही गर्न निर्वाचन आयोगसँग माग गरिएको छ ।
आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीलाई बुधबार ज्ञापनपत्र बुझाउँदै हिन्दू जागरण नेपालले समाज भड्काउने काम गरको भन्दै छानबिन गरी कानूनी कारबाहीको माग गरेको हो । सुनारले राजनीतिक लाभका लागि राष्ट्रियतासँग जोडिएका विषयमा गैरजिम्मेवार अभिव्यक्ति दिएको भन्दै हिन्दू जागरण नेपालले सुनारको उम्मेदवारी खारेजीको माग गरेको हो । सुनारले राजनीतिक लाभका लागि आम मानिसमा भ्रम फैल्याउने, सामाजिक सद्भावमा असर पुर्याउने तथा राष्ट्रको गरिमा कमजोर बनाउने काम गरेकाले त्यसको छानबिन गरिनुपर्नेमा ज्ञापनपत्रमा जोड दिइएको छ ।
यस्ता अभिव्यक्तिले निष्पक्ष र शान्तिपूर्ण रूपामा निर्वाचनका प्रक्रिया अघि बढाउन नकारात्मक प्रभाव पार्ने भएकाले समयमै यस्ता गतिविधि रोकिनुपर्ने हिन्दू जागरण नेपालको माग छ । छानबिन गरी प्रचलित कानून र निर्वाचन आचारसंहिताअनुसार सुनारलाई कारबाही गर्न माग गरिएको छ ।

# लामिछानेको स्वास्थ्यावस्था सामान्य



**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का सभापति रवि लामिछानेको स्वास्थ्यावस्था सामान्य रहेको महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालले जनाएको छ ।
देब्रे खुट्टामा सङ्क्रमण (सेलुलाइटिस) देखिएपछि उन हिजोदेखि अस्पताल भर्ना भई उपचाररत छन् । अस्पतालका प्रवक्ता डा गोपाल सेढाईंले लामिछानेको स्वास्थ्यावस्था सामान्य रहेको जानकारी दिए । उनको नशाबाट आइभी एन्टिबायोटिकमार्फत उपचार भइरहेको अस्पतालले जनाएको छ । माघ ५ गते जनकपुरमा आयोजित कार्यक्रममा सहभागी हुने क्रममा लामिछानेको देब्रे खुट्टामा चोट लागेको थियो । औषधि सेवन गर्दा पनि सञ्चो नभएपछि सङ्क्रमण बढेर सेलुलाइटिस भएपछि अस्पतालमा भर्ना भएको पार्टीका सहप्रवक्ता प्रतिभा रावलले बताए ।
उनका अनुसार चिकित्सकको सल्लाहअनुसार सङ्क्रमण जोखिमयुक्त हुनसक्ने भएकाले केही दिन अस्पतालमै निगरानीसहित उपचार भइरहेको छ । 'चोट आफैँमा गम्भीर नभए पनि सङ्क्रमण फैलिनसक्ने सम्भावनालाई ध्यानमा राख्दै पूर्ण उपचार र स्वास्थ्य सुधारपछि मात्र सभापति पुनःनियमित राजनीतिक तथा साङ्गठनिक गतिविधिमा फर्किनु हुनेछ,' सहप्रवक्ता रावलले भने ।

# हेलिकप्टरद्वारा सुत्केरीको उद्धार

**डोल्पा ।**
डोल्पामा सालनाल अड्किएर जटिल अवस्थामा परेकी सुत्केरीको नेपाली सेनाको हेलिकप्टरमार्फत उद्धार गरिएको छ ।
बुधबार दिउँसो राष्ट्रपति सुत्केरी उद्धार कोषअन्तर्गत ठूलीभेरी नगरपालिका–९ की ३० वर्षीया विष्णुकुमारी डाँगीको उद्धार गरिएको हो ।
डोल्पाका प्रमुख जिल्ला अधिकारी जुनु हमाल (ढकाल)को सक्रिय पहलमा हेलिकप्टरको व्यवस्था गरी सुत्केरीलाई थप उपचारका लागि प्रदेश अस्पताल सुर्खेत पठाइएको छ ।
जिल्ला अस्पताल डोल्पाका चिकित्सक तुलसी शाहका अनुसार सुत्केरी भएपछि बिहानसम्म सालनाल अड्किएर गम्भीर समस्या देखिएपछि पठाउनु परेको हो ।
पाठेघरको शल्यक्रिया गरी सालनाल निकाल्नुपर्ने जटिल अवस्था आएपछि जिल्लामा सम्भव नभएकाले थप उपचारको लागि पठाइएको शाहाले जानकारी दिए । समयमै हेलिकप्टरद्वारा उद्धार सम्भव भएकाले सुत्केरीको ज्यान जोखिममुक्त भएको अस्पताल स्रोतले जनाएको छ ।

# घरदैलो अभियानमा भ्याइनभ्याइ उम्मेदवार

**कञ्चनपुर ।**
फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि कञ्चनपुर निर्वाचन क्षेत्र नं २ मा राजनीतिक दलहरूले आफ्नो चुनावी गतिविधिलाई तीव्र बनाएका छन् ।
मुख्य राजनीतिक दलहरूले निर्वाचन परिचालन समिति गठन गरी घरदैलो अभियानलाई जोड दिएका हुन् । उम्मेदवारहरु घरदैलो अभियानमा भ्याइनभ्याइ छन् ।
नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले चुनाव लक्षित एक हजार ५ सय ५१ सदस्यीय निर्वाचन परिचालन समिति गठन गरी परिचालन गरेको छ । नेकपाबाट यस क्षेत्रमा माधवप्रसाद पन्त उम्मेदवार हुनुहुन्छ ।
यसैगरी, नेपाली कांग्रेसले पनि चुनावी तयारीका लागि विभिन्न समिति गठन गरी प्रचारप्रसारलाई तीव्रता दिएको छ । १५१ सदस्यीय प्रचारप्रसार समिति र क्षेत्रीय सहसचिव रमेशप्रसाद भट्टको संयोजकत्वमा नौ सदस्यीय सचिवालय समिति गठन गरी प्रचारप्रसार अगाडि बढाएको छ ।
कांग्रेसका तर्फबाट पूर्वमन्त्री नारायणप्रकाश (एनपी) साउद उम्मेदवार छन् । चुनावी अभियानअन्तर्गत प्रदेशसभा (क) र (ख) मा अनुगमन समितिसमेत गठन गरी वडा तहसम्म परिचालन गरिएको पार्टीका क्षेत्रीय सभापति सिंहले बताए ।
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले पनि आफ्नो प्रचारलाई गति दिएको छ । सो पार्टीका उम्मेदवार दीपकराज बोहराले मतदाता भेटघाट कार्यक्रमलाई निरन्तरता दिएका छन् ।
नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले पनि आफ्ना उम्मेदवार बचनबहादुर सिंहको पक्षमा जनमत सिर्जना गर्न प्रचारप्रसार अगाडि बढाएको छ ।

# हिमपातले किसान खुसी, जनजीवन भने कष्टकर



**मनाङ ।**
हिमाली जिल्ला मनाङमा हिमपात हुने महिना हो पुस र माघ । पहाडी र तराई क्षेत्रमा वर्षा हुँदा हिमाली क्षेत्रमा हिमपात हुन्छ ।
हिमपात भएपछि यहाँका डाँडाकाँडा, खोला, नदी, ताल पूर्णरूपमा जमेका छन् भने हिमपातले सेताम्मे देखिएको छ । यसअघि गत कात्तिक १० र ११ गते हिमपात भएको थियो । मङ्सिर र पुस महिनामा हिउँ परेन । माथिल्लो मनाङको खाङसार, मनाङ गाउँ, टङ्की मनाङ गाउँ, घ्यारु, ङावललगायत गाउँ अहिले हिउँले ढाकिएको मनाङ ङिस्याङ गाउँपालिका–५ भ्राकाका घ्याम्चो गुरुङले बताए । उनले भने, 'मनाङका गाउँतिर करिब एक फिटभन्दा बढी हिउँ परेको छ । यसले किसान भएका छन् । हिउँ परेपछि यहाँको उत्पादन बढ्ने हो । हिउँ पर्दा जनजीवन केही दिन भने कष्टकर हुन्छ ।'
हिमपातका कारण स्थानीय र पर्यटक प्रभावित भएका छन् । नियमित कामका लागि स्थानीय घरबाहिर निस्कन मुस्किल भएको छ । पर्यटक पनि रोकिएका छन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) मनाङका लेखापाल उमाकान्त सापकोटाका अनुसार अहिले पनि हिमपात भइरहेको छ । चक्रिय अन्नपूर्ण पदमार्गमा रहेका पर्यटक गन्तव्यतर्फ जानबाट रोकिएको उनले बताए ।
प्रमुख जिल्ला अधिकारी नवराज पौड्यालले माथिल्लो मनाङ (मनाङ ङिस्याङ) गाउँपालिकामा गए रातिदेखि हिमपात भइरहेको जानकारी दिए । सदरमुकाम चामेमा हिउँ पर्न रोकिएर पानी परिरहेको छ । 'तल्लो मनाङ (नासों गाउँपालिका) को अधिकांश ठाउँमा पानी परिरहेको छ । मौसम बदली भइरहेको छ । नार्पाभूमितिर गोठाला १०÷१२ जनाबाहेक नभएको सूचना पाएका छौँ,' पौड्यालले भने, 'तर, मौसम बदली तथा हिमपात र उक्त भूगोलमा सञ्चारको पहुँच पनि कम हुँदा त्यता कसैसँग सम्पर्क भएको छैन, सायद हिमपातले केही कठिनाइ भएको हुनसक्छ ।'
माथिल्लो मनाङमा दुई फिटसम्म हिउँ परेको जानकारी प्राप्त भएको उनको भनाइ छ । यतिबेला परेको हिउँ पछिसम्म रहने र सिँचाइको काम गर्ने भएकाले किसान भने खुसी देखिएका हुन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन